IELTS by Highly Experienced Instructors
Regular Mock Tests
Enroll Everyday
nepalese encounters
Tel: 061-464869, 452715

समुन्नतिका लागि स्वतन्त्र पत्रकारिता
राष्ट्रिय दैनिक
# आदर्श समाज
ADARSHA SAMAJ NATIONAL DAILY
❑ वर्ष २२ ❑ अङ्क १८८ ❑ २०७४ कात्तिक १६ गते बिहीवार ❑ नेपाल संवत् ११३८ ❑ 2 Nov., 2017 ❑ पृष्ठ ६ ❑ मूल्य रू. ५।-

informatics college·pokhara
GET A TRUE UK UNIVERSITY STUDY EXPERIENCE
B.Sc (Hons) in Computing
A Global Qualification at a Local Price. Call us now to Enquire & Reserve Your Seat.
(Approved by Ministry of Education Nepal)

## कास्कीमा टिकटका भाग्यमानी

❍ प्रकाश ढकाल

जिल्लाबाट सिफारिस भएको झण्डै १ महिनापछि दलहरुले कास्कीका लागि आफ्ना उम्मेदवार छनौट गरेका छन्। वाम गठबन्धनले केही उम्मेदवार पछिल्यै छानेको भए पनि अन्तिम टुंगो बुधबारमात्रै लगाएको हो भने काँग्रेसले सबै उम्मेदवारको छनौट बुधबार सक्यो।

माओवादी र एमालेबीच चुनावी तालमेल भएपछि सोही अनुसार कास्कीमा क्षेत्र बाँडफाँड गरेर दलगत रुपमा उम्मेदवार छनौट गरिएको हो। कास्कीमा माओवादीले प्रदेशसभाअन्तर्गत ३ वटा निर्वाचन क्षेत्र मात्रै पाएको छ भने ३ प्रदेशसभा सहित ३ वटै प्रतिनिधिसभा एमालेको भागमा छ।

एमालेले प्रतिनिधिसभा सदस्यका लागि कास्कीमा क्षेत्र नम्बर १ बाट खगराज अधिकारी, २ बाट रवीन्द्र अधिकारी र ३ बाट जगत विश्वकर्मालाई अघि सारेको छ। खगराज २०६४ सालमा माओवादी उम्मेदवार देव गुरुङसँग सोही क्षेत्रमा पराजित भएका थिए भने रवीन्द्र दुवै पटकका विजेता हुन्। रवीन्द्रले २०६४ मा माओवादी उम्मेदवार झलकपाणि तिवारी र २०७० मा काँग्रेस उम्मेदवार सोभियतबहादुर अधिकारीलाई पराजित गरेका थिए। जगत चाहीँ समानुपातिक सांसद छन्।

प्रदेशसभाका लागि एमालेले १(ख), २(क) र ३(ख) पाएको छ। क्षेत्र नम्बर १(ख) बाट पार्टीका जिल्ला उपाध्यक्ष मनबहादुर गुरुङ, २(क) बाट जिल्ला अध्यक्ष कृष्ण थापा र ३(ख) बाट युवासंघका केन्द्रिय अध्यक्ष राजीव पहारी उम्मेदवार बनेका छन्। थापा दोश्रो संविधानसभा चुनाव २०७० मा काँग्रेसकी उम्मेदवार शारदा पौडेलसँग पराजित भएका थिए। गुरुङ र पहारी पहिलो पटक सांसद चुनाव लड्न लागेका हुन्।

उता, ३ सीटमात्रै पाएको माओवादी केन्द्रले पनि जिल्लाका ३ वटै क्षेत्रका एक/एक प्रदेशसभा सदस्यका उम्मेदवार छानिसकेको छ। जसअन्तर्गत क्षेत्र नम्बर १(क) मा जिल्ला अध्यक्ष दीपक कोइराला, २(ख) मा जिल्ला इन्चार्ज राजकाजी गुरुङ र ३ नम्बर क्षेत्रको प्रदेश क्षेत्र (क)मा सहइन्चार्ज रामजी बराल छन्। गुरुङ २०६४ को संविधानसभा चुनावमा कास्की २ बाट विजयी भएका थिए भने बराल २०७० को चुनावमा कास्की ३ बाट एमाले उम्मेदवार रवीन्द्र अधिकारीसँग पराजित भएका हुन्। कोइराला संसदीय चुनावमा नयाँ अनुहार हुन्। कास्की जित्न रणनीतिक तयारी गरिरहेको काँग्रेसले पनि जिल्लाका सबै उम्मेदवार टुंगो लगाएको छ। क्षेत्र नम्बर १ को प्रतिनिधिसभा सदस्य बन्न वहालवाला कानुनमन्त्री समेत रहेका सांसद यज्ञबहादुर थापालाई टिकट दिएको छ। २ नम्बरमा देवराज चालिसे र ३ नम्बरमा शुक्रराज शर्मा उम्मेदवार बन्नेछन्। थापा २०६४ को चुनावमा माओवादी उम्मेदवार देव गुरुङसँग पराजित भए भने २०७० को दोश्रो संविधानसभा चुनावमा एमाले उम्मेदवार मानबहादुर जिसीलाई पराजित गरी संसद् सदस्य निर्वाचित भएका थिए। चालिसे र शर्मा दुवैजना पहिलो पटक संसदीय चुनावमा उम्मेदवार बनेका हुन्। २०५६ सालमा अपर हाउसको सांसद मनोनीत शर्मा कास्की काँग्रेसको इतिहासमा सबैभन्दा लामो समय पार्टी सभापति भएका थिए।


यज्ञबहादुर थापा


देवराज चालिसे


शुक्रराज शर्मा

Vs Vs Vs


खगराज अधिकारी


रवीन्द्र अधिकारी


जगत विश्वकर्मा

प्रदेशसभाअन्तर्गत १ (क) मा जीवन परियार, (ख) मा जिल्ला सभापति कृष्ण केसी, २ (क) मा गुरु बराल, (ख) मा विन्दुकुमार थापा र ३ (क) मा शारदा पौडेल तथा (ख) मा भोजबहादुर गुरुङ सिकन्दरलाई टिकट दिएको छ। राति अबेरसम्म भएको बैठकले झण्डै सयको हाराहारीबाट ९ जना उम्मेदवार टुंगो लगाएको हो। क्षेत्र नम्बर १ का उम्मेदवार मंगलबार नै निर्णय गरिए पनि बुधवार पुनः हेरफेर गरिएको छ। यसअघि, तिलक रानाभाटलाई १ (क) बाट टिकट दिएको भनिए पनि बुधबार त्यसलाई परिवर्तन गरेर काँग्रेस केन्द्रिय सदस्य तथा सांसद जीवन परियारलाई टिकट दिइएको हो। प्रदेशसभाअन्तर्गत ३ (क) कि उम्मेदवार शारदा पौडेल पहिलो संविधानसभा चुनावमा माओवादी उम्मेदवार राजकाजी गुरुङसँग पराजित भए पनि दोश्रो चुनावमा एमाले उम्मेदवार कृष्ण थापालाई पराजित गरी सांसद बनेकी थिइन्। प्रदेशसभाका बाँकी सबै उम्मेदवार संसदीय चुनावका लागि नयाँ हुन्।

यसैबीच, टुंगिएका उम्मेदवारले बिहीबार उम्मेदवारी दर्ता गर्नेछन्। ३ निर्वाचन क्षेत्र रहेको कास्कीमा निर्वाचन क्षेत्र अनुसार छुट्टाछुट्टै निर्वाचन अधिकृतका कार्यालय स्थापना भएका छन्। मनोनयन दर्ता गरेका उम्मेदवारको सूची निर्वाचन समितिले बिहीबार नै प्रकाशन गर्नेछ। त्यसपछि १७ गतेसम्म परेको उजुरी हेरेर १८ गते उम्मेदवारको नामावली सार्वजनिक हुनेछ। कात्तिक १९ गतेसम्म उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता लिन पाउनेछन् भने सोही दिन आयोगले उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरेर निर्वाचन चिह्न समेत दिनेछ। कास्की लगायत जिल्लामा आउँदो मंसिर २१ गते चुनाव गर्ने तयारी गरेर निर्वाचन आयोगले निर्वाचनसम्बन्धी कार्यक्रम थालेको हो।

यसअघि ४ निर्वाचन क्षेत्र रहेको कास्की हाल ३ वटा निर्वाचन क्षेत्रमा सीमित भएको छ। यसैका कारण यसअघिका निर्वाचन क्षेत्रमा पर्ने सीमा यताउति गाभिएका छन्। जिल्लाभर हाल २ लाख ५५ हजार मतदाता छन्।

मतदानका लागि जिल्लामा ३ सय १७ मतदान केन्द्र तोकिएको छ। क्षेत्र नम्बर १(क) मा ५० हजार २ सय ८९, (ख) मा ४५ हजार ७ सय ९५, २ (क) मा ३७ हजार ६ सय ४३, (ख) मा ३३ हजार ८ तथा ३(क) मा ४६ हजार २ सय ५२ र ३ (ख) मा ४२ हजार ४ सय ६५ जना मतदाता रहेको निर्वाचन कार्यालय कास्कीले जनाएको छ।

(बाँकी अन्तिम पृष्ठमा)

## दोस्रो चरणको मनोनयन आज
## उम्मेदवार छान्न दलहरू अन्तिम कसरतमा

❑ आदर्श समाज संवाददाता

काठमाडौं, १५ कात्तिक। प्रतिनिधिसभा र प्रदेशसभाको दोस्रो चरणअन्तर्गत ४५ जिल्लाका एक सय २८ क्षेत्रको उम्मेदवार मनोनयन बिहीबार हुँदैछ। बिहीबार नै प्रदेशसभातर्फ दुई सय ५६ वटा क्षेत्रका उम्मेदवार पनि मनोनयन हुने निर्वाचन आयोगले जनाएको छ।

आयोगले बुधबार विशेष पत्रकार सम्मेलन गरी उम्मेदवारी मनोनयनको तयारी पूरा भएको जानकारी दिएको छ। दोस्रो चरणको निर्वाचनक्रममा विभिन्न जिल्लामा प्रमुख दलका शीर्ष तथा वरिष्ठ नेताहरुले मनोनयन दर्ता गराउने भएकोले नेताहरुको सुरक्षा व्यवस्थामा सतर्क रहन सरकारलाई निर्देशन दिएको छ। 'यसपटकको उम्मेदवारी मनोनयन दर्ता कार्यक्रममा राजनीतिक दलका पार्टी प्रमुख तथा उच्च पदाधिकारीहरुले पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ उम्मेदवारी मनोनयन गर्नुहुने भएकाले त्यसै अनुसारको उच्च सुरक्षा व्यवस्था मिलाउन निर्वाचन आयोग सुरक्षा निकायलाई निर्देशन दिन चाहन्छ'-पत्रकार सम्मेलनमा प्रमुख आयुक्त यादवले भने। उनले सबै निर्वाचन कार्यालयमा यसबारमा निर्देशन गरेको पनि बताए।

प्रमुख दलका प्रमुख नेताहरु अधिकांश प्रत्यक्षतर्फ नै चुनाव लड्ने हुँदा उनीहरुको सुरक्षामा निर्वाचन आयोगले विशेष चासो राखेको हो। आयोगले पहिलो चरणमा जस्तै दोस्रो चरणको उम्मेदवारी मनोनयन दर्ता पनि शान्तिपूर्ण तरिकाबाट हुने विश्वास व्यक्त गरेको छ। 'बिहान १० देखि अपरान्ह ५ बजेसम्म आ-आफ्नो निर्वाचन क्षेत्रको मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ताका लागि उपस्थित हुन सबै राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरूलाई निर्वाचन आयोग हार्दिक आह्वान गर्दछ'-प्रमुख निर्वाचन आयुक्त यादवले भने।

पत्रकार सम्मेलनमा निर्वाचनका लागि आवश्यक पर्ने सामग्री आयोगमा प्राप्त हुने क्रम शुरु भइसकेको र मतदाता नामावली छपाई कार्य सम्पन्न भइसकेको जानकारी गराइयो।

त्यसैगरी, समानुपातिक निर्वाचन प्रणालीतर्फको एक करोड ७४ लाख मतपत्र छपाई गर्ने काम सम्पन्न भइसकेको छ भने सर्वोच्च अदालतको आदेशअनुसार पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यका लागि छुट्टाछुट्टै पानामा मतपत्र छपाइ गर्ने कार्य जारी आयोगले जनाएको छ।

आयोगले निर्वाचन आचारसंहिताको सबैबाट पूर्ण पालना हुने विश्वास व्यक्त गर्दै कहीँ कतैबाट आचारसंहिता उल्लंघन भएमा आवश्यक कारबाही गर्न ७७ जिल्लामा मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी लगायतलाई आवश्यक निर्देशन दिइसकेको जनाइएको छ। निर्वाचन क्षेत्र विकास कार्यक्रमलाई निवर्तमान सांसदको सिफारिशमा सञ्चालन गर्न आचारसंहिता प्रतिकूल भएकाले त्यस्ता कार्यक्रम रोक्न आयोगले निर्देशन दिएको र ७७ वटै जिल्लाबाट त्यस्ता कार्यक्रम रद्द गरी १० अर्ब रुपियाँ निकासा रोक्का भइसकेको जानकारी आयोगलाई प्राप्त भएको पनि उनले जानकारी दिए।

यसैबीच, उम्मेदवार मनोनयनको अघिल्लो दिनसम्म प्रमुख दलहरुले उम्मेदवारको टुङ्गो लगाउने कार्यलाई लगभग अन्तिममा पुऱ्याएको छ। नेकपा एमाले, नेपाली काँग्रेस, माओवादी केन्द्र, राजपा, फोरम लगायतका दलहरुले दोस्रो चरणमा दिने उम्मेदवारको नामावली पूर्ण रुपमा टुंगो लगाउन सकेका छैनन्। यसपटक दलहरुवीच गठबन्धन हुने भएकोले दलहरुबीचको सहमतिमा उम्मेदवार टुंगाउनुपर्ने भएकोले पनि दलहरुलाई निकै सकस परेको छ।

यस्तै, नेकपा एमालेले दोस्रो चरणमा चुनाव हुने ६ नम्बर प्रदेशका सबै जिल्लाका प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका उम्मेवार टुंगो लगाएको छ। उपाध्यक्ष वामदेव गौतम निवास भैंसेपाटीमा बसेको एमाले स्थायी कमिटी बैठकले उम्मेदवार तय गरेको हो। एमालेका पोलिट्व्यूरो सदस्य प्रकाश ज्वाला र यमलाल कँडेल दुवैजना प्रदेशसभा सदस्यको उम्मेदवार बन्ने भएका छन्। एमाले माओवादी कार्यदलमा लामो समय सल्यानका कारण सहमति हुन सकेको थिएन।

सल्यानमा माओवादीले प्रतिनिसिधा र एमालेले दुवै प्रदेशसभा पाएपछि एमाले नेता ज्वाला प्रदेश (ख) बाट उम्मेदवार बनेका छन्। सल्यानको प्रदेश (क) बाट केन्द्रीय सदस्य गुलावजंग शाह प्रतिस्पर्धा गर्ने निश्चित भएको छ। ६ नम्बर प्रदेशमा एमालेले र माओवादीले प्रतिनिधिसभामा बराबरी सिट बाँडेका छन्। एमालेले सुर्खेत र दैलेखमा चार सिटसहित मुगु र डोल्पा गरी ६ निर्वाचन क्षेत्र पाएको छ। त्यस्तै, माओवादीले सल्यान, कालिकोट, जुम्ला, जाजरकोट, हुम्ला र रुकुममा गरी ६ निर्वाचन क्षेत्र पाएको छ। त्यस्तै प्रदेशसभामा एमालेले १४ र माओवादीले १० सिट पाएका छन्।

## आफ्नै घर यौनक्रीडास्थल–प्रशासन र प्रहरीबीच टकराव

❍ रञ्जन अधिकारी
पोखरा, १५ कात्तिक।

पोखरामा खाजा पसल चलाएर आफ्नै घरमा यौनधन्दा गर्ने दम्पतीलाई प्रहरीले पक्राउ गऱ्यो। तर प्रमुख जिल्ला अधिकारीको ठाडो आदेशमा उनीहरु हिरासत बस्नु नपर्ने गरी हाजिर जमानतमै रिहा भएका छन्। वडा प्रहरी कार्यालय बगरमा एक साता हिरासतमा रहेका प्रदीप कानुङ मगर र नानुमाया मगर सहित दुई युवती र एक युवक छुटेका हुन्।

सार्वजनिक अपराध मुद्दामा प्रक्रिया अघि बढ्दै गर्दै कास्कीका प्रमुख जिल्ला अधिकारी तारानाथ अधिकारीले म्याद थप नगरेका हुन्। एक जनाको मात्र बयान लिने काम सकिएको थियो। प्रजिअ अधिकारीले भने सात दिनभन्दा राख्न नमिल्ने जिकिर गरे। मुद्दा किनारा नलागेसम्म म्याद थप गर्दै २५ दिनसम्म हिरासतमा राखेर अनुसन्धान गर्न सकिने प्रावधान छ।

कात्तिक ८ गते दिउँसो पक्राउ परेका उनीहरुलाई वडा प्रहरी कार्यालय बगरले कात्तिक १५ गते घर फर्काएको छ। यो केस मिलाउन प्रहरी अधिकारीसमक्ष पाँच लाख रुपैयाँसम्मको 'अफर' गरिएको उच्च स्रोतले बतायो। ती प्रहरी अधिकारी असहमत भएपछि पक्राउ परेका पक्षबाट पैसा खुवाएर छुटाउने योजना विफल भएको स्रोतको दाबी छ। कास्की प्रहरी प्रमुख एसपी अशोक सिंहले आफू मातहतका प्रहरी अधिकृतलाई कसैको कुरा नसुनी कानुनासार अघि बढ्न गरेको निर्देशन र प्रहरी अधिकारी समेत पैसा लिन नमानेपछि पक्राउ परेका सबै पाँच जना बुधबार साँझसम्म हिरासतमै थिए।


तारानाथ अधिकारी
(प्रमुख जिल्ला अधिकारी)


एसपी अशोक सिंह
(कास्की प्रहरी प्रमुख)

पक्राउ परेको सात दिन पुगेकाले म्याद थपका लागि जिल्ला प्रशासन कार्यालय पुग्दा मिसिलमा प्रजिअ अधिकारीले 'हाजिर जमानीमा छाड्नु भन्ने तोक लगाए। सोही आदेशानुसार सरकारी वकिल कार्यालयसम्म पुगेर अनुसन्धान प्रक्रिया चलिरहेको यो मुद्दामा पक्राउ परेकाहरु हिरासत बस्नुपरेन।

### घटना विवरण

प्रदीप र नानुमायाको खाजा पसल पोखराको नालाको मुख भन्ने ठाउँमा छ। यसअघि फ्रेस हाउस सञ्चालन गर्ने उनीहरुले यो खाजाघर चलाउन थालेको तीन वर्ष मात्र पुग्यो। उनीहरुले आफ्नो सम्पर्कमा केही यौन व्यवसायी युवतीहरु राखेका थिए। ट्याक्सी चालक, होटलका कामदार लगायतसँग सम्पर्कमा रहेर कम्तीमा दुई जना सहित आवश्यक परे जति पनि युवती उपलब्ध गराउने गरी उनीहरुले यौन धन्दा गरेको खुलेको प्रहरी बताउँछ।

नवलपरासी रुचाङ ३ घर भएका २६ वर्षीय प्रदीप र ३५ वर्षीया नानुमायाको पोखरा २ कसाइटोलमा घर छ। आरती शाहीको घर किन्न बैना तिरिसकेका छन्। घरको तल्लो तलामा पार्लर पसल छ। तेस्रो तल्लाका कोठाहरुलाई उनीहरुले यौनक्रीडास्थल बनाएका छन्। नयाँ नयाँ युवक युवती आउने भएपछि छिमेकीहरु समेत आजित भएको नाम नबताउने शर्तमा एक छिमेकी बताउँछन्। 'भारतीयहरु समेत आएर यहाँ टोलका साना भाइहरुलाई अड्डा भएको घर कुन हो ? भनेर समेत सोधेको हामी सुन्थ्यौं। यहाँ बस्नै नसकिने भएको थियो'-एक छिमेकीले भने। खाजा पसलमा ग्राहकसँग मोलमोलाई गरेपछि घरसम्म पुग्ने वातावरण प्रदीपले तयार पार्थे।

नानुमाया खाजा पसलमा बस्थिन्। नानुमायाका १२ वर्ष र १० वर्षका छोरी र छोरा पनि छन्। अरुले होटलमा व्यवसाय सञ्चालन गर्ने गर्दा उनीहरुले भने आफ्नै घरलाई यौन व्यवसायको थलो बनाए।

कास्की प्रहरीको वेश्यावृत्ति रोक्ने अभियान र छिमेकीहरुको

(बाँकी अन्तिम पृष्ठमा)

## पेट्रोलियम पदार्थको मूल्य बढ्यो

❑ आदर्श समाज संवाददाता

काठमाडौं, १५ कात्तिक। नेपाल आयल निगमले पेट्रोलियम पदार्थको पछिल्लो मूल्यमा समायोजन गर्दै केही मूल्यवृद्धि गरेको छ। निगमले पेट्रोल, डिजेल र ग्यासमा मूल्यवृद्धि गरेको हो। निगमले बुधबार मध्यरातदेखि लागू हुने गरी पेट्रोलियम पदार्थको भाउ बढाएको हो।

निगमका प्रवक्ता वीरेन्द्र गोइतका अनुसार पेट्रोलमा प्रतिलिटर दुई रुपैयाँ, डिजेल र मट्टितेलमा प्रति लिटर एक रुपैयाँ ५० पैसा बढेको छ। यो वृद्धिसँगै अब पेट्रोल प्रतिलिटर एक सय रुपैयाँ पर्नेछ भने डिजेल र मट्टितेलको प्रतिलिटर ७५ रुपैयाँ ५० पैसा पर्नेछ। यस्तै खाना पकाउन प्रयोग हुने एलपिजी ग्यासमा प्रतिसिलिन्डर २५ रुपैयाँ भाउ बढाइएको छ। अब प्रतिसिलिन्डरको मूल्य एक हजार तीन सय ५० रुपैयाँ पर्नेछ।

यसअघि, गएको साउन १७ गते ग्यासको भाउ प्रतिसिलिन्डर २५ रुपैयाँ भाउ घटाएर एक हजार तीन सय २५ रुपैयाँ बनाइएको थियो।

पेट्रोलियम पदार्थको भाउ गत असार १९ छि पहिलो पटक हेरफेर भएको हो।

**WANTED**

**ORTWOK Restaurant Pvt. Ltd.** Lakeside Pokhara-6, invites interested and eligible candidates the following posts.

**POST : MANAGER** **NO : 1**

- **Qualification :** Bachelor in BHM
- **Experience :** Minimum 3 years experience in reputed hotel/Restaurant
- **Age :** Below 30 years.
- **Language :** Enlgish+Extra language additional
- First come first priority.
- Local base candidates given first priority.

**Document Subscription dateline :** 10th Nov. 2017
**Interview :** 13th Nov. 2017

**Contact:**
**ORTWOK Restaurant Pvt. Ltd.**
Lakeside, Pokhara-6
Phone : 061-467114, 9851104607

- भ्रष्टाचारीलाई तिरस्कार र इमान्दारलाई पुरस्कार संस्कृतिको विकास गरौं।
- घुस लिने र दिने दुवै उत्तिकै दोषी हुन्।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

**विशेष छुटमा VJ तालिम**

- के तपाईं टेलिभिजन कार्यक्रम प्रस्तोता बन्न चाहनुहुन्छ ?
- पोखराकै प्रतिष्ठित टेलिभिजनमा कार्यरत सञ्चारकर्मीहरुद्वारा सञ्चालित
- उत्कृष्टलाई अवसर/Practical based/We provide all materials
- आफ्नै Video Production company भएको।

VJ सिक्दा RJ Free

We also offer for: Music Video Modeling | Visual editing | Graphics | Computer training | Animetion | Camera Training | Acting Class.

**INFORMATICS INSTITUTE**
Srijanachowk, Pokhara-8, 061-523060, 9816121103
सिट सिमिति भएकाले तुरुन्त सम्पर्क गर्नुहोला। कक्षा छिटै सञ्चालन हुँदैछ।

**फ्रि भिषा फ्रि टिकट सहित**

**QATAR मा रोजगारको अवसर**
**TEYSEER SECURITY SERVICES CO.WLL.**

पूनः स्वीकृत मितिः [illegible] पूनः स्वीकृत मितिः [illegible] चलानी नं.: [illegible] पूर्व चलानी नं.: [illegible] LT. No.: 12605[illegible]

| क्र.सं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | [illegible] | मासिक तलब QR | मासिक तलब ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 120 | 0 | [illegible] | 1500 | ४२,६८५ | [illegible] | ८ [illegible] | ६ दिन | [illegible] | छ | | २ वर्ष |

★ कम्तीमा SLC पास भई अंग्रेजी राम्रो संग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ।
★ उचाई ५ फिट ६ इन्च हुनपर्नेछ।

फाइनल अन्तर्वार्ता भोलि २०७४ कात्तिक १७ गते शुक्रवार (3 Nov. 2017) पोखरामा हुँदैछ।

License No.: 822/066/067
**Vision & Value Overseas Pvt. Ltd.**
GPO Box: 7764, Samakhushi Town Planning, Kathmandu
Tel.: 01-4387582
पोखरा सम्पर्क : 9856036489, 9856036487, 9856050837



## आदर्शवाणी

अनेकलाई जसले एकता प्रदान गर्दछ, भिन्नताबाट अभेदलाई खोज्दा, त्यही नै अहिंसा हो।

- विनोवा भावे

## सम्पादकीय

# चौधरीको काङ्ग्रेस प्रवेश

१. पोखराका सफल व्यवसायी एवम् धनाढ्य रुपमा परिचित सूर्यबहादुर के.सी. आफ्ना परिवार सहित नेपाली काङ्ग्रेसमा प्रवेश गरेको केही दिनभित्रै नेपालकै धनाढ्य मानिएका विनोद चौधरी काङ्ग्रेसमा प्रवेश भएका छन्। चुनावको बेला राजनीति गर्नेहरु एक पार्टीबाट अर्कोमा जानु ठूलो कुरा होइन, तर सफल व्सायीहरुले पार्टी प्रवेश गर्दा त्यसले केही अर्थ राख्छ ।

२. पोखराका के.सी. राप्रपा पार्टीका कोषाध्यक्ष भएर केही समयदेखि निष्क्रिय जस्तै रहेका थिए भने विनोद चौधरी त्यस्तो कुनै पार्टीमा प्रत्यक्ष संलग्न भएर गतिविधि गरेका व्यक्ति होइनन्। तर उनीहरु बीचको समानता राजनीतिमा के हो भने उनीहरु दुवै पहिलो संविधान सभाका सदस्य थिए। संविधान सभामा साथ साथ काम गरेका थिए।

३. त्यसरी काम गरेतापनि सूर्यबहादुर के.सी. राप्रपाबाट त्यहाँ पुगेका थिए भने चौधरीलाई एमालेले संविधान सभामा पुऱ्याएको थियो। त्यस बेला एमालेबाट माननीय भएका चौधरीले यस पटक नेपाली काङ्ग्रेसमा विधिवत् प्रदेश गरेर काङ्ग्रेसको समानुपातिक उम्मेदवारमा समावेश भएका छन्। उनी नेपाल उद्योग वाणिज्य महासंघ र उद्योग परिसंघका पूर्व अध्यक्ष समेत हुन्।

४. उनले प्रधानमन्त्री तथा काङ्ग्रेस सभापति शेरबहादुर देउवाले हालै विज्ञप्ति प्रकाशित गरेर लोकतान्त्रिक शासन पद्धतिको विश्वव्यापी मान्यता र खुल्ला बजार अर्थतन्त्तको लागि लोकतन्त्रवादी शक्ति एक हुन आह्वान गरेकोबाट प्रभावित भएर काङ्ग्रेसमा आएको बताएका छन्। उनले उद्यमी व्यवसायीहरु सधैं उदार र खुल्ला बजारको पक्षमा रहनुपर्ने बताएका छन्।

५. केही हप्ता पहिले एमाले माओवादी केन्द्र र नयाँ शक्ति, नेपालका बीच पार्टी एकीकृत गर्ने सहमति भएको तर त्यसको थोरै दिनपछि नयाँ शक्ति नेपाल यसबाट बाहिर निस्केर नयाँ शक्तिका संयोजक डा. बाबुराम भट्टराईले एमाले र माओवादी केन्द्रले पार्टी एक गरेर स्टालिनको ढाँचाको शासन गर्ने सोच राखेको उल्लेख गरे। उनको त्यो अभिव्यक्तिले नीजी क्षेत्रका उद्योगी व्यवसायीहरुको कान ठाडो भएको छ।

६. नीजी क्षेत्रका उद्योग व्यवसायीहरु विगतका बन्द हड्ताल र चन्दा आतङ्कबाट आतङ्कित छन्। उनीहरु अब कहिले त्यस्तो अवस्था नआओस् भन्ने चाहन्छन्। उनीहरु आफ्नो लगानी सुरक्षित होस्। काम गर्दा डर, त्रास भय नहोस्। स्वतन्त्रपूर्वक काम गर्ने अवसर चाहन्छन्।

७. एमाले र माओवादी केन्द्र कहिले एक हुन्छन्, त्यो निश्चय छैन। एक भएपछि कस्तो शासन व्यवस्थाको कुरा लाएर आउँछन्। त्यो पनि थाहा छैन। अहिले त चुनावी तालमेलको घोषणापत्र पनि आएको छैन। त्यस कारण अहिले नै तिनीहरुका बारे यस्तो उस्तो भन्नु राजनीतिक अडकलबाजी गर्नु मात्र हुन सक्छ।

# बच्चाहरुलाई भिटामिन "ए" किन खुवाउने ?

✍ सगुन पौडेल

नेपाल सरकारले विगत २४ वर्ष देखि निरन्तर रुपमा ६ देखि ५९ महिनाका बालबालिकाहरुलाई निःशुल्क रुपमा भिटामिन ए क्याप्सुल खुवाउदै आइरहेको छ। सन् १९९३ बाट देशै भरि सुरु गरिएको यो कार्यक्रममा स्थानीय समुदायमा रहेका महिला स्वास्थ्य स्वयम्सेविकाहरुले आृना टोल, वडा वरपर रहेका बालबालिकाहरुलाई भिटामिन ए क्याप्सुल खुवाउदै आईरहेका छन। त्यस्तै गरी १२ देखि ५९ महिनाका बालबालिकाहरुलाई सन् २००४ देखि देशभर नै भिटामिन ए क्याप्सुल संगसंगै जुकाको औषधि वितरण गर्ने कार्यक्रम संचालन हुँदै आएको छ। राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधि वितरण कार्यक्रम नेपाल सरकार, स्वास्थ्य मन्त्रालयको एउटा विश्वव्यापी रुप मै सफल कार्यक्रमको रुपमा स्थापित भईसकेको कार्यक्रम हो।

बाल मृत्युदर घटाई बाल स्वास्थ्यमा उलेखनीय सुधार ल्याउने प्रमुख उदेश्यले सुरु गरिएको यो अभियान वर्षमा दुई पटक चल्ने गर्दछ। विशेष परिस्थिति वाहेक हरेक वर्षको वैशाख ६ र ७ तथा कार्तिक २ र ३ गते नियमित कार्यक्रमको रुपमा चल्ने यो अभियान यस वर्ष भने हिन्दुहरुको महान पर्व तिहारमा पर्न आएको हुँदा कार्तिक महिनाको १६ र १७ गते अर्थात आज र भोलि  देशभरका सबै महानगर,उपमहानगर,नगरपालिका र गाँउपालिकाका वडाहरुमा तोकिएका केन्द्रबाट महिला स्वास्थ्य स्वयंसेविकाहरुले औषधि खुवाउदै छन। विभिन्न खोज तथा अनुशन्धानहरुले देखाएको नतीजा अनुरुप नै नेपालमा भिटामिन ए वितरण सुरु गरिएको पाइन्छ। नेपाल मै भएको एक अनुसन्धानले देखाएको नतीजा अनुसार ४ देखि ६ महिनाका बच्चाहरुलाई आवश्यक मात्रामा भिटामिन ए खुवाउने हो भने करिव ३० प्रतिशत बाल मृत्युदर घटाउन सकिने कुरा किथ एट अलले ल्यान्सेटमा सन् १९९१ मा प्रकाशन गरेको एक अनुसन्धानमूलक लेखमा उल्लेख गरिएका छन्।

रास्ट्रिय भिटामिन ए तथा जुकाको औषधि वितरण कार्यक्रमकार्तिक१६ र १७ विशेष

सामान्यतया हामीले दैनिक खाईने खानाहरु माछा, मासु, दूध, अण्डा, हरिया सागपात  पँहेला फलफूल आदिबाट पाईने भिटामिन ए हाम्रो आँखाको देख्ने शक्ति राम्रो बनाउन, पूर्ण रुपमा शारीरिक र मानसिक स्वास्थ्य तथा विभिन्न संक्रामणहरूबाट जोगाउनका लागि नभई नहुने एक प्रकारको तत्व हो। विश्व स्वास्थ्य संगठनका अनुसार हाम्रो जस्तो मुलुक जहाँ भिटामिन ए कै कमीले हुने रतन्धो जहाँ जनस्वास्थ्य समस्याको रुपमा रहेको छ त्यस्तो ठाउँहरुमा ६ देखि ५९ महिनाका बालबालिकाहरुलाई थप भिटामिन ए क्याप्सुल वितरण गर्नुपर्ने हुन्छ।

शरीरमा हुन सक्ने रोगहरुसंग लड्ने क्षमता विकास गर्न, छालालाई स्वस्थ बनाउँन, रतन्धो तथा पूर्ण रुपमा अन्धो हुनबाट बचाउँनका लागि भिटामिन ए ले प्रमुख रुपमा काम गर्ने हुँदा यो अभियानमा आृना ६ देखि ५९ महिनाका बालबालिकाहरुलाई भिटामिन ए खुवाउन जरुरी छ। उमेर समूह अनुसार हेर्ने हो भने विभिन्न



राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधि वितरण कार्यक्रम कार्तिक १६ र १७

सक्रमणहरुले सताउन सक्ने उमेर समेत यही उमेर भएको हुँदा, भिटामिन ए खुवाउनाले बालबालिकाहरूमा हुन सक्ने झाडापखाला, दादुरा र कुपोषणजस्ता समस्याहरूबाट समेत जोगाउने गर्दछ।

शारीरिक विकास तथा मानसिक विकास पनि सवैभन्दा धेरै विकास हुने सानै उमेरमा हो। बालबालिकाहरुलाई थप स्याहार तथा पोषण युक्त खाने कुराहरु यही उमेरमा खुवाउनुपर्ने हुन्छ। साथै भिटामिन ए खुवाएमा आइरन क्याल्सियम आदि जस्ता तत्वहरु समेत सोसेर राख्ने शरीरको क्षमातालाई थप विकास गर्दछ। राष्ट्रिय रुपमा चल्ने भिटामिन ए वितरण कार्यक्रम वाहेक पनि राती आँखा नदेख्ने रोग रतन्धो, दादुरा, अति कुपोषित तथा चौध दिनभन्दा बढी समयसम्म झाडापखाला लागेका बालबालिकाहरूलाई थप भिटामिन ए खुवाउनुपर्ने हुन सक्दछ तसर्थ यस्ता समस्याहरु देखिएको खण्डमा तुरुन्तै नजिकको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्नुपर्दछ।

यो अभियानमा भिटामिन ए को वितरण संगसंगै खुवाइने अर्को औषधि हो अल्वेन्डाजोल यसलाई जुकाको औषधि भनेर चिनिन्छ। हाम्रो शरीरको आन्द्रामा रगत र खाना चुसेर बाँच्ने परजीवी हो जूका। चुर्ना, गोलो, नाम्ले जूका आदि जस्ता जूकाहरु हाम्रो शरीरमा हुर्के भने हाम्रो स्वास्थ्यमा नराम्रो असर पार्दछन्। जूकाले जुन सुकै उमेर समूहका मानिसहरुमा असर गर्न सक्ने भएता पनि ५ वर्ष भन्दा कम उमेर समूहका बालबालिकाहरुमा असर गर्न सक्ने जोखिम बढी हुन्छ। जूकाले शरीरमा भएका पोषक तत्वहरू र रगत चुसेर खाने हुनाले बालबच्चाहरुमा कुपोषण हुने जोखिम बढ्दछ।

नेपाल स्वास्थ्य तथा जनसंख्यिक सर्भे २०१६ को तथ्यांक अनुसार नेपालमा २७ प्रतिशत उमेर अनुसार कम तौल भएका, ३६ प्रतिशत उमेर अनुसार कम उचाई भएका तथा १० प्रतिशतमा उचाई अनुसार तौल कम बालबालिका छन। विशेषत रक्तअल्पता हुने, बालबालिकाको शारीरिक वृद्धिमा असर गर्ने, संक्रमण बिरुद्ध लड्ने क्षमता घटाउने, बौद्धिक विकासमा वाधा, बालबालिकाको स्मरण शक्ति घट्ने आदि हुने गर्दछन।

नेपाल स्वास्थ्य तथा जनसंख्यिक सर्भे २०१६ को तथ्यांक हेर्ने हो भने करिव ५३ प्रतिशत बालबालिकाहरुमा रक्तअल्पता देखिएको छ। यिनै समस्याहरुलाई रोकथाम गर्न १२ देखि ५९ महिनाका बालबालिकाहरुलाई हरेक ६ महिनाको फरकमा जुकाको औषधि खुवाउनु पर्दछ। औषधी खानु मात्र जूका बाट बँच्ने उपाय नभएको हुदा दीर्घकालीन रुपमा नै जूकाको जोखिमबाट टाढा रहनको लागि सबैभन्दा राम्रो उपाय व्यक्तिगत र वातावरणीय सरसफाई गर्नु हो, त्यसकारण बालवालिकाहरुको व्यक्तिगत सरसफाईमा समेत ध्यान दिनुपर्दछ।

कास्की जिल्लामा यो अभियानका लागि करिव ४१५ ओटा केन्द्रहरु मार्फत १०६९ महिला स्वास्थ्य स्वयम् सेविकाहरुले आृना टोल, वस्ती वडाहरुमा करिव ५१ हजार ४ सय ८२ जना ६ देखि ५९ महिनाका बालबालिकाहरुलाई भिटामिन ए क्याप्सुल तथा १२ देखि ५९ महिनाका करिव ४५ हजार ४ सय ३० जना बालबालिकाहरुलाई जूकाको औषधि खुवाउने लक्ष्य रहेको साथै यो अभियानलाई थप सफल पार्न महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई प्राविधिक सहजीकरण, सहयोगात्मक सुपरीवेक्षण तथा अनुगमन गर्न करिव ३ सय जना स्थानीयस्तरवाट स्वास्थ्यकर्मीहरु खट्ने जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीले जनाएको छ। त्यस्तै पोखरा लेखनाथ महानगरपालिका, अन्नपूर्ण, मादी तथा रुपा गाउपालिकाका स्वास्थ्य सयोजकहरुको भनाई अनुसार कास्की जिल्ला भित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा औषधि लगायत सम्पूर्ण व्यवस्थापन गरिएको छ।

तसर्थ नेपाल सरकारले करोडौं लगानी गरेर नेपाली जनताका लागि गरेको निःशुल्क भिटामिन ए तथा जूकाको औषधि आृना बालबालिकाहरुलाई खुवाई बालबालिकाहरुको शारीरिक, मानसिक तथा सामाजिक विकास गर्दै एक स्वस्थ नागरिक बनाउनु हामी सवैको जिम्मेवारी हो। त्यसैले कार्तिक महिना १६ र १७ गते आृना परिवार, छरछिमेक, टोल, गाउ, वडा, पालिकामा रहेका ६ देखि ५९ महिनाका बालबालिकाहरुलाई भिटामिन ए क्याप्सुल र १२ देखि ५९ महिनाका बालबालिकाहरुलाई जुकाको औषधि खुवाउने यो राष्ट्रिय कार्यक्रममा आृनो तर्फवाट सहयोग गरी एउटा समुन्नत र स्वस्थ राष्ट्र बनाउन हामी सवै लागि परौँ। जय जनस्वास्थ्य।

mail4sagun@gmail.com

# लेखनाथ साना शहरी खानेपानीमा पदस्थापन

❑आदर्श समाज संवाददाता____

लेखनाथ, १५ कात्तिक। लेखनाथ साना शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थामा नवनिर्वाचित कार्यसमितिको बुधबार पदस्थापन भएको छ।

निर्वाचन समितिका संयोजक राममणि अधिकारीले निर्वाचित अध्यक्ष विष्णुप्रसाद बरालको पदाधिकारी तथा सदस्यलाई पद तथा गोपनियताको शपथ गराउँदै पदभार गराए।

संस्थाको १३ औं वार्षिक साधारण सभा तथा चौथो अधिवेशनबाट अध्यक्षामा विष्णुप्रसाद बराल, उपाध्यक्ष हरिप्रसाद लामिछाने, सचिव मुरारी शर्मा, कोषाध्यक्ष नारायणी भट्टराई (रक्षा) र सदस्य सरस्वती पंगेनी, तारा गुरुङ, रामहरि ढुंगाना, दुर्गाप्रसाद सुवेदी र निवर्तमान अध्यक्ष बोधराज लामिछान सर्वसम्वत चयन भएका थिए।

संस्थाका संस्थापक अध्यक्ष शालिकग्राम पौडेलले संस्थाले लिएको घरघरमा पानी सभ्यताको निसानीको नारालाई सार्थक रूप दिन पानी वितरण प्रणाली प्रभावकारी बनाउनुपर्ने सुझाव राखेका थिए।

सोही अवसरमा पूर्व अध्यक्ष चन्द्रकृष्ण कर्माचार्य, निवतमान अध्यक्ष बोधराज लामिछाने, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णहरि भण्डारी, निर्वाचन संयोजक राममणि अधिकारी, वडा नं २९ का वडा अध्यक्ष चेतबहादुर गुरुङ, नेपाली काँग्रेसका डम्बरबहादुर थापा, नेकपा एमालेका शंकरप्रसाद पौडेल लगायतले उपभोक्तालाई शुद्ध र सफा पानी उपलब्ध गराउने सम्बन्धमा समितिले ध्यानपूर्वक नयाँ योजना ल्याएर अगाडि बढ्नु पर्नेमा जोड दिए।

संस्थाका अध्यक्ष विष्णुप्रसाद बरालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव मुरारी शर्मा र धन्यवाद ज्ञापन उपाध्यक्ष हरिप्रसाद लामिछानेले गरेका थिए।

# कास्की काँग्रेसको ऱ्याली सभागृहबाट

❑आदर्श समाज संवाददाता____

पोखरा, १५ कात्तिक। प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको उम्मेदवार मनोनयन दर्ताका लागि कास्की काँग्रेस ऱ्याली सहित जाने भएको छ।

कास्कीका तीन वटै निर्वाचन क्षेत्रका नेता तथा कार्यकर्ता पोखरा सभागृहमा भेला भई ऱ्याली सहित निर्वाचन कार्यालय जाने छ।

यसैबीच, नेपाली काँग्रेस क्षेत्र नं १, कास्कीले बुधबार क्षेत्रीय प्रतिनिधिहरूको भेला गरी बिहान ११ बजे सभागृहमा पुग्ने गरी तयारी जुट्न सबैलाई आह्वान गरेको छ।

भेलामा महिला नेतृ सरस्वती गुरुङ, कास्की काँग्रेसका जिल्ला सदस्य नवीन सिग्देल, महिला संघ पोखरा लेखनाथ सभापति माया बराल लगायतले निर्वाचन व्यवस्थापनका विषयमा बोलेका थिए।

नेपाली काँग्रेस क्षेत्र नं १ कास्कीका सभापति बृजमान गुरुङको अध्यक्षतामा भएको कार्यक्रम सचिव कृष्ण कोइरालाले सञ्चालन गरेका थिए।

# गायक रानाले गाए मौलिक सोरठी 'आँधीपुर'

पोखरा, १५ कात्तिक। नेपाली मौलिक गीत संगीतमा पछिल्लो समय स्थापित हुन थालेका लोक तथा दोहोरी गायक नवीन रानामगरले नेपाली मौलिक संस्कृतिको एक अभिन्न लोकगीत सोरठी गाएका छन्।

बागलुङ गलकोट नगरपालिका वडा नं. ५, सिमलबोटका मगर समुदायमा प्रचलित सोरठीको एक हाँगा 'आँधीपुर' मा लोक तथा दोहोरी गायिका यमु श्रीसमगरसँगै स्वर दिएका हुन्। सो सोरठी गीतको गत कात्तिक १ गते तिहारको अवसरमा म्यूजिक भिडियो सार्वजनिक समेत गरियो। सोरठीको म्यूजिक भिडियो टाइगर्स फिल्मस् प्रालिले बजारमा ल्याएको हो।

संस्कृति संरक्षण मञ्च, सिमलबोटले निर्माण गरेको भिडियोको छायाङ्कन र सम्पादन दानबहादुर श्रीसमगरले गरेका हुन् भने निर्देशन गोविन्द पुनमगरले गरेका हुन्।

मिलन गुरुङको कलरिङ रहेको म्यूजिक भिडियोको श्रृंगार पुनम पुनमगरले गरेकी हुन्। एजेन्सी

## आजको पञ्चाङ्ग

वि.सं. २०७४ साल कात्तिक १६ गते बिहीवार, साधारण नामक संवत्सर सूर्य दक्षिणायन, शरद ऋतु, तदनुसार ई.सं. २०१७ नोभेम्वर २ तारिख, कात्तिक शुक्लपक्ष त्रयोदशी तिथि दिवा : २:०८ बजेसम्म

| | |
|---|---|
| नक्षत्र : रेवती | रात्रि : ४:२५ बजेसम्म |
| योग : ब्रह्म | दिवा : ११:३४ बजेसम्म |
| करण : भद्रा | रात्रि : १२:१३ बजेसम्म |
| आ.योग: मित्र | |
| चन्द्रमा : मीन राशिमा | सूर्य : तुला राशिमा |

सूर्योदय : प्रातः ६:१२ बजे, सूर्यास्त : साँझ ५:१४ बजे

## राशिफल

ज्यो. रामजी ओझा
ज्योतिष विज्ञान परामर्श सेवा, फोन:०६१-५३५१८८, मो ९८४६०२६४९९

**मेष** धनको आशा देखाएर फसाउन खोज्नेहरु सक्रिय हुनेछन्। अरुको भरमा पर्दा काम व्यवहारमा विलम्ब हुनेछ। सञ्चित धनलाई जोगाउँदा बुद्धिमान भइने छ।

**वृष** पराक्रम बढ्ने छ। काम व्यवहार गर्दा धेरै व्यक्तिहरु सहयोग गर्न सक्रिय रहने छन्। अपेक्षित आम्दानी हुँदा उत्साह बढ्ने छ। जनसम्पर्क बढ्ने छ।

**मिथुन** घरपरिवार एवम् छरछिमेकीको सहयोग सद्भाव पाइने छ। व्यापार व्सवाय एवम् पेशामा प्रगति हुनेछ। मातृसुख मिल्ने छ। आत्मबल आत्मविश्वास बढ्ने छ।

**कर्कट** सद्बुद्धि प्राप्तिको योग परेको छ। विषयवस्तुमा ध्यान पुग्ने छ। पढाई एवम् अनुसन्धानमूलक कार्यमा सफलता मिल्ने छ। बुद्धि विवेकको प्रशंसा हुनेछ।

**सिंह** राम्रो गर्दागर्दै पनि परिस्थिति प्रतिकूलको बन्न सक्छ। विश्वास गरेका व्यक्तिले धोका दिन सक्छन्। अनर्थमा खर्च गर्न पर्दा पश्चताप लाग्ने छ। शंका बढ्ने छ।

**कन्या** मनमा तर्कवितर्क परिरहेको बेला शुभ समाचार प्राप्त हुँदा नयाँ उत्साह उमङ्ग बढ्ने छ। देश देशान्तरबाट उपहार कोशेली प्राप्तिको योग परेको छ।

**तुला** अदृष्यबाधाको प्रभाव परेको छ। गर्नपर्ने कामको महत्व बुझ्न नसकिँदा अवसर फुत्कन सक्छ। मनमा तर्क वितर्क बढ्ने छ, सवस्थ्यमा ध्यान दिनुहोला।

**वृश्चिक** परिस्थिति अनुसार काम व्यवहार गरिने छ। सहयोग र सद्भावको आदनप्रदान हुनेछ। गुरुचेलाको सम्बन्ध स्थापित हुनेछ। धार्मिक कार्यमा सहभागिता हुनेछ।

**धनु** व्यवस्थापन पक्ष सबल रहने छ। योजनावद्ध रुपमा काम व्यवहार गर्दा महत्वपूर्ण कार्य सम्पन्न गरिने छ। उच्चस्तरीय व्यक्तिको सहयोग अद्भूत हुनेछ।

**मकर** सोच्न सक्ने क्षमताको वृद्धि हुनेछ। प्रभावकारी कार्ययोजनाहरुको शुरु गरिने छ। आय आर्जनका नयाँ स्रोतहरु फेला पर्दा उत्साह उमंग बढ्ने छ।

**कुम्भ** अस्थिरपन रहने छ। गर्न पर्ने कार्यलाई ध्यान नपुऱ्याउँदा आफ्नो कार्यमा अरुले अधिकार जमाउने प्रयत्न गर्ने छन्। अनर्थको दुःख र खर्च हुन सक्छ।

**मीन** धरपरिवार एवम् छरछिमेकीमा मेलमिलापको वातावरण बन्ने छ। प्रभावकारी कार्यको शुरुवात गर्दा धेरै व्यक्तिहरु प्रभावित हुनेछन्। आत्मोन्नतिको लागि वातावरण अनुकूलको रहने छ।



पर्यापर्यटन विकास तथा होमस्टे व्यवस्थापन तालिमका सहभागी। तस्वीर: श्रीभद्र पौडेल/आदर्श समाज

## पोखरामा 'शान्तिको सन्देश' कार्यक्रम

पोखरा, १५ कात्तिक। आत्मज्ञान प्रचार संघ, रानीपौवा केन्द्रको आयोजनामा शान्तिको सन्देश कार्यक्रम सम्पन्न भएको छ। रानीपौवामा मंगलबार आयोजित कार्यक्रममा पोखरा लेखनाथ महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले सबै मानिसका लागि शान्ति आवश्यक रहेको बताए। शान्तिको सन्देश प्रवाह गर्ने उद्देश्यले आयोजित कार्यक्रम सबैको हितमा हुने उनको भनाइ छ।

केन्द्रका सदस्य रामबहादुर कार्कीको अध्यक्षतामा आयोजित कार्यक्रममा पत्रकार महासंघ कास्कीका अध्यक्ष दीपेन्द्र श्रेष्ठ, कास्की कारागारका प्रमुख हरिप्रसाद गौतम लगायतले बोलेका थिए।

सातामा दुई दिन शान्तिको सन्देश कार्यक्रम नियमित रूपमा सञ्चालन भइरहेको सदस्य भरत केसीले जानकारी दिए। केन्द्रमा सूचना केन्द्र समेत छ।एजेन्सी

## आठौं पोखरा महोत्सव पुस अन्तिममा

पोखरा, १५ कात्तिक। युनाइटेड क्लब पोखराले आठौं संस्करणको पोखरा महोत्सवको मिति तय गरेको छ ।

पोखराको अमरसिंहचौरमा आगामी पुस २७ देखि माघ ८ गतेसम्म महोत्सवको मिति तय गर्दै महोत्सव सफल बनाउन क्लबका अध्यक्ष सुकबहादुर गुरुङ संयोजक रहेको मूलआयोजक समिति गठन गरिएको छ । यस्तै विभिन्न ४१ वटा उपसमिति पनि गठन गरिएको छ ।

शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन र सेती नदी संरक्षणसँगै पोखरामा नया पर्यटकीय गन्तब्य चिडियाखाना निर्माणका लागि आवाज उठाउँदै आएको क्लबले महोत्सव प्रचारप्रसार संयोजक तथा क्लबका महासचिव राजु श्रेष्ठले जानकारी दिए।

महोत्सवको उपसमितिअन्तर्गत कार्य सम्पादन उपसमितिमा संस्थापक अध्यक्ष हिमालय बखेल, कलाकार व्यवस्थापन उपसमितिमा लालकाजी गुरुङ, सचिवालय व्यवस्थापनमा लोकबहादुर थापा, प्रचारप्रसारमा राजु श्रेष्ठ, अर्थ तथा स्टल उपसमितिमा गणेश तिमिल्सिना, प्रायोजक व्यवस्थापनमा शान्तबहादुर थापा, सुरक्षा व्यवस्थापनमा कृष्णबहादुर थापा मगर, अतिथि सत्कार उपसमितिमा सावित्री थापा, खाना खाजा व्यवस्थापनमा भीमबहादुर गुरुङ, मायाको चिनो व्यवस्थापनमा निर्मला लामिछाने, ब्यानर व्यवस्थापन उपसमितिमा दिनेश सुनार, मञ्च व्यवस्थापन उपसमितिमा अनिल गुरुङ, मुलद्धार व्यवस्थापन उपसमितिमा सूर्यबहादुर बानियाँ, विद्युतीय सुरक्षा उपसमितिमा रावत तामाङ गोम्जा, महिला समूह परिचालनमा पूर्णकला पोखेल रहेका छन्।

त्यसैगरी, अतिथि व्यवस्थापनमा राजेन्द्रबहादुर थापा, संघसंस्था समन्वयमा सम्मरबहादुर श्रेष्ठ, मूल्यांकनमा क्या. फत्तेबहादुर गुरुङ, अनुगमनमा प्रेमछिरी शेर्पा, प्रकाशन तथा मुद्रणमा लिलाधर अधिकारी, यातायात व्यवस्थापनमा रमेशबहादुर कार्की, स्मारक निर्माणमा सिद्धिकुमार श्रेष्ठ, स्वयंसेवक परिचालनमा शिव थापा, पर्यटन व्यवस्थापनमा भुवन ढकाल, विद्युत व्यवस्थापनमा हरि श्रेष्ठ, प्राथमिक उपचारमा जयराम आचार्य, बिमा व्यवस्थापनमा रामबहादुर थापामगर, हस्तकलामा सविता श्रेष्ठ रञ्जित, विद्यालय समन्वयमा रिमबहादुर क्षेत्री, खानेपानीमा सु. जसबहादुर गुरुङ, पार्किङ व्यवस्थापनमा सन्तोष कार्की, सरसफाइमा भानु आचार्य, महिला समन्वयमा सीमा गुरुङ, बालउद्यानमा विजयमान गुरुङ, फोटो तथा भिडियोग्राफीमा महेन्द्र भूर्तेल, प्रविधि व्यवस्थापनमा राजेन्द्र तिवारी, पृष्ठपोषणमा ऋषिराज बराल, पशुपंक्षी प्रदर्शनीमा दिवानी सुवेदी, झाँकी र्‍यालीमा शान्ति सुवेदी संयोजक चयन भए । यस्तै, कार्यालय सचिवमा नवीन श्रेष्ठ छन्।

त्यसैगरी, महोत्सव सफल बनाउन १८ सदस्यीय सल्लाहकार समिति चयन गरेको छ। जसअनुसार विश्वप्रकाश लामिछाने, सेती थापा, सुशीलराज पराजुली, वडा नम्बर १० का अध्यक्ष राजकुमार गुरुङ,११ का अध्यक्ष मोहन बास्तोला, १२ का अध्यक्ष रामबहादुर कार्की, १३ का अध्यक्ष दर्शन लामा, १४ का अध्यक्ष प्रेमबहादुर कार्की, १५ का अध्यक्ष प्रकाश पौडेल, ओम सुवेदी, कमलबहादुर थापा, शिवबहादुर बराल, तीर्थलाल श्रेष्ठ, दानबहादुर गुरुङ, भरत केसी, निलकण्ठ पोखेल (निश्चल) र पवित्रादेवी गुरुङ रहेका छन्।

महोत्सवबाट बचत रकम शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धन र चिडियाखाना निर्माणमा आम्दानीको १५ प्रतिशत हरेक क्षेत्रमा छुट्याइने आयोजकले जनाएको छ ।

यस्तै, प्रतिटिकटबाट एक रुपैयाँ सेती संरक्षणका लागि छुट्याइने क्लबले जनाएको छ। एजेन्सी

## सामुदायिक वनको पर्यापर्यटनमा जोड

❑आदर्श समाज संवाददाता

हेमजा, १५ कात्तिक। पोखरामा आयोजित एक कार्यक्रमका वक्ताले पर्यापर्यटन विकासमा जोड दिएका छन्। सामुदायिक वन उपभोक्ता महासंघ कास्कीको आयोजना तथा सामुदायिक वन उपभोक्ता महासंघ नेपाल तथा अमेरिकी वन सेवाको सहयोगमा बुधबारबाट पोखरामा शुरु तालिमका वक्ताले सो कुरामा जोड दिएका हुन्।

'सामुदायिक वन निमुखाको धन' भएको बताउँदै उनीहरूले सामुदायिक वन जीविकोपार्जनको आधार भएको भएको वनको संरक्षण र त्यसबाट आर्थिक उपार्जन हुनुपर्नेमा जोड दिए।

वन घुम्ने पर्यटकले सही सूचना पाउनुपर्ने र त्यसलाई सूचनात्मक तथा व्याख्यात्मक तवरले व्यवस्थापन गर्नुपर्ने उनीहरूको भनाइ थियो।

सामुदायिक वन उपभोक्ता महासंघकी महासचिव भारती पाठकले सामुदायिक वनमा पर्यापर्यटनको महत्व रहने उल्लेख गर्दै वन समूहलाई स्वाभिमानी बनाउन वनको दिगो व्यवस्थापन गरी पर्यापर्यटनमा लाग्नुपर्नेमा जोड दिइन। उनले वनका जैविक महत्वका क्षेत्र, सांस्कृतिक स्थल, भौगोलिक स्रोत लगायत अन्य विभिन्न सम्भाव्यता अध्ययन गरी त्यसको प्रचारप्रसारबाट पर्यापर्यटन हुनसक्ने औल्याउँदै वन उपभोक्ताले घरबास कार्यक्रमलाई पनि उत्तिकै महत्व दिनुपर्ने जनाइन्।

महासंघका केन्द्रीय सदस्य ठाकुर भण्डारीले महासंघले एक वन एक उद्यमको नीति अघि सारेको स्पष्ट पार्दै वनपाले सामुदायिक वन पोखरा-२१, कृस्ती वयली र मैदीपाखा सामुदायिक वन पोखरा-२८, लेखनाथमा सोही नीति कार्यान्वयनका लागि तालिम आयोजना गरिएको जानकारी दिए।

सो अवसरमा जिल्ला वन अधिकृत केदार बराल, महासंघकी कास्की महासचिव सुनमाया नेपाली, सामाजिक अभियन्ता नीरज थापा, नेपाल पर्यटन बोर्ड पोखराका सूर्य थपलिया लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

चार दिनसम्म चल्ने तालिममा अमेरिकी वन सेवा अन्तर्राष्ट्रिय कार्यक्रमका नेपाल संयोजक निकोला स्टोहर, अमेरिकी वन सेवाका मनोरञ्जन व्यवस्थापक ब्रायन मर्डक, सामुदायिक वन उपभोक्ता महासंघकी कर्मचारी विभु गौतम र सनम शंकरले सहजीकरण गर्नेछन् ।

सहभागी विश्वबन्धु पोखरेलले तालिम अत्यन्तै फलदायी बन्ने विश्वास व्यक्त गरेका छन्। तालिमअन्तर्गत दुई दिन सामुदायिक वनको स्थलगत अध्ययन गरिनेछ भने बाँकी दुई दिन पर्यापर्यटन विकास तथा होमस्टे व्यवस्थापन सम्बन्धमा सैद्धान्तिक कक्षा सञ्चालन गरिने जनाइएको छ।

कार्यक्रम सामुदायिक वन उपभोक्ता महासंघ कास्कीका अध्यक्ष कालीदास सुवेदीको अध्यक्षतामा भएको थियो।

## शिक्षा ऐनको नवौं संशोधनविरुद्ध रिट

काठमाडौँ, १५ कात्तिक : सर्वोच्च अदालतमा शिक्षा ऐनको नवौँ संशोधन तत्काल बदर गर्न माग गर्दै रिट दायर गरिएको छ ।

मन्त्रिपरिषद्, शिक्षा मन्त्रालय लगायतलाई विपक्षी बनाई उपभोक्ताहित संरक्षण मञ्च नेपालका अध्यक्ष ज्योति बानियाँ, सुनसरीका शिक्षक सन्तोष भट्टराई र अधिवक्ता रीता भण्डारीले बुधबार दायर गरेको रिटमा योग्यता र दक्षता पुगेका नागरिकलाई शिक्षक पदमा प्रतिस्पर्धा गर्न र उम्मेदवार हुनबाट रोक लगाएर व्यक्तिको मौलिक हकमा अनुचित बन्देज गरेको दलील अघि सारिएको छ ।

रिट निवेदनमा शिक्षा ऐनको नवौँ संशोधनले योग्य शिक्षकबाट स्तरीय शिक्षा पाउने विद्यालय तहमा अध्ययनरत ५०औँ लाख बालबालिकाको अधिकारमा प्रतिकूल असर पार्ने र देशको शिक्षा नै बर्बाद हुने जिकिर गरिएको छ ।

योग्यता पुगेका र स्थायी अध्यापन अनुमतिपत्र लिएर बसेका व्यक्तिलाई स्वच्छ प्रतिस्पर्धा गर्न विज्ञापन गर्नुपर्नेमा त्यसो नगरी तोक र दबाबमा नियुक्त भएका अस्थायी शिक्षकलाई गैरकानूनी सहमतिका आधारमा नाम मात्रको जाँच लिएजस्तो गरी स्थायी गर्न खोजिएको तथा ऐन संशोधन गर्दा प्रतिनिधि सभाको सम्बन्धित समितिमा छलफल नै नगराई दबाब र प्रभावका भरमा पारित गरिएको रिटमा उल्लेख छ ।

निवेदकहरुले अस्थायी शिक्षकलाई पक्षपातपूर्ण ढंगले स्थायी गर्न गरिएका विज्ञापन र छनोट प्रक्रियासम्बन्धी सबै कामकारबाही नगर्न/नगराउन, यथास्थितिमा राख्न अन्तरिम आदेशको माग गरेका छन् ।

## युवा संघ नेपालको बैठक

पोखरा, १५ कात्तिक। युवा संघ नेपाल क्षेत्र नं. २ प्रदेश ख को पहिलो विस्तारित बैठक सम्पन्न भएको छ।

बैठकमा जिल्ला कमिटी कास्कीका उपसचिव प्रभा कोइरालाले बाम एकतालाई बलियो बनाउन युवाहरू बढी सक्रिय हुनुपर्ने बताइन्।

युवा संघ नेपाल कास्की अध्यक्ष विष्णु पुनले वाम गठबन्धनलाई विजयी गराउन युवा कस्सिनुपर्ने बताए।

बैठकमा जिल्ला कमिटी कास्की सचिवालय सदस्य जानुका अधिकारी, क्षेत्र नं.२ का सचिव ऋषिराम गौतम लगायतले आफ्नो मन्तव्य राखेका थिए।

बैठकले संयोजक प्रकाश शर्मा, सचिव सरु श्रेष्ठ, आर्थिक विभाग प्रमुख सोरभलाल श्रेष्ठ, सदस्य तेजनाथ आचार्य, विष्णु हमाल, उत्तम गुरुङ, कपिल थापा, शंकर आचार्य, अनिलबहादुर कोइराला, प्रदीप शर्मा रहेको सचिवालय गठन गरिएको छ । यस्तै, कञ्चन थापा, राजेश तामाङ, अर्जुन सुनार, राजेन्द्र जोशीलाई सदस्यमा चयन गरेको छ।

कमिटीका संयोजक प्रकाश शर्माको अध्यक्षतामा बसेको बैठकले कात्तिक २० भित्र यस भूगोलमा रहेका वडा नं. ४, ८, ९, ११, १६, २० वडा कमिटीको बैठक आयोजना गर्न निर्देशन दिएको छ। एजेन्सी


## हार्दिक बधाई







सु. तेजबहादुर लामा | श्री तारादेवी गुरुङ | श्री मनदेवी गुरुङ

यस रिठ्ठेपानी बचत तथा ऋण सहकारी संस्था लि.का शेयर सदस्यहरु सुवेदार श्री तेजबहादुर लामा, श्री तारादेवी गुरुङ र श्री मनदेवी गुरुङ लेखनाथ साना सहरी खानेपानी तथा सरसफाई आयोजनाको चौथो अधिवेशन तथा १३ औं वार्षिक साधारण सभाबाट क्रमशः मूल समितिको सदस्यमा श्री तारादेवी गुरुङ, क्षेत्र नं. २ को संयोजकमा सुवेदार श्री तेजबहादुर लामा र सदस्य पदमा श्री मनदेवी गुरुङ निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दछौं।

यमप्रसाद गुरुङ
अध्यक्ष एवम्
रिठ्ठेपानी बचत तथा ऋण सहकारी संस्था लि. परिवार
पोखरा लेखनाथ महानगरपालिका -२७, रिठ्ठेपानी, कास्की



## हार्दिक बधाई



श्री विश्वराज लामिछाने



श्री भरतराज ओझा

यस श्री शहीद स्मारक आधारभूत विद्यालय पोखरा लेखनाथ महानगरपालिका वडा नं. ३० बरालथर पावरहाउसका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री विश्वराज लामिछाने लेखनाथ उद्योग वाणिज्य संघको ११ औं महाधिवेशनबाट सदस्य पदमा मनोनीत हुनुभएको एवम् यसै विद्यालयका शिक्षक अभिभावक संघका सदस्य श्री भरतराज ओझा सदस्य पदमा निर्वाचित हुनुभएकोमा वहाँहरुलगायत सम्पूर्ण पदाधिकारी ज्यूहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं।

सुशीला रेग्मी
प्रधानाध्यापक
श्री शहीद स्मारक आधारभूत विद्यालय परिवार
पोखरा लेखनाथ महानगरपालिका-३०, बरालथर, पावरहाउस, कास्की



## जग्गा बिक्रीमा

१. पोखरा लेखनाथ महानगरपालिका वडा नं. १५ कोलपाटनमा १६×५७ मूल्य ८० लाख।
२. पोखरा लेखनाथ महानगरपालिका वडा नं. १५ अमिनटार वन क्याम्पस पछाडि १६×४४ मूल्य ४२ लाख र २०×४५ मूल्य ५५ लाख ।

सिधा सम्पर्क
९८१८८०३१४४, ९८०५८२५४८०



## VACANCY ANNOUNCEMENT

INTERNATIONAL NEPAL FELLOWSHIP

Vacancy Notice No: CD 07/2074-75

International Nepal Fellowship Nepal (INFN) is a Christian Non-Government Organization that has been working in the field of health services and development in the Western & Mid-Western Regions of Nepal for 64 years.

INF Nepal invites applications from qualified and self-motivated Nepali Citizens for the following posts:

**1. Post Title: Junior Engineers (3)**

**Work base:** Dordi Rural Municipality (RM) Headquarter, Oversees the work in whole Dordi RM.

**Job summary:** The Jr. Engineer will be responsible for training mason workers, building construction supervision and community awareness on safer construction techniques. He/she should also be involved in advising supplying and proper storage of construction materials.

**Required Qualifications, Experience & Skills:** Diploma in civil engineering or equivalent.Experience on building construction, supervision and quality management; Assist organizing training need assessment and delivering training or workshops in related field. Good coordination with government officials and other stakeholders. Excellent English and Nepali written and verbal communication, analytical and problem solving, computer literate (word/excel,AutoCAD/Sketch up). Must be flexible/adaptable to ever changing environments, have willingness to travel and live in basic conditions, able to deal well with local authorities and governmental processes.

Application should be received by 5:00 PM on Thursday,9th November 2017 (23rd Kartik 2074). Interested candidates who meet the above criteria can send their application with detailed curriculum vitae (CV) with relevant testimonials, two referees and expected salary (gross) to the following e-mail id:<community.aafo@kaski.nepal.inf.org>. Only short-listed candidates will be contacted.

Women and persons with disabilities are highly encouraged to apply in above positions.

INF Nepal retains the right to reject some or all applications even after the interview without giving any reason whatsoever. Any effort by the candidates to influence the selection process may result in disqualification.



## हार्दिक बधाई



मेजर श्री रामप्रसाद गुरुङ

यस संस्थाका सल्लाहकार **मेजर श्री रामप्रसाद गुरुङ**ज्यू लेखनाथ सामुदायिक लायन्स अस्पतालको १४ औं वार्षिक साधारण सभा तथा सातौं अधिवेशनबाट सर्वसम्मत रुपमा अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा उहाँ लगायत सम्पूर्ण पदाधिकारीहरुमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको कामना गर्दछौं।

पोखरा रोयल सहकारी संस्था लि. परिवार
Pokhara Royal Co-Operative Society Ltd.
पोखरा लेखनाथ-१०, बुद्धचोक



## Vacancy Announcement

A well reputed English medium school of Pokhara invites an application for the following posts.

**Post : Assistant Administrator**
**Qualification :** B.Com/BBA
**Working Time :** 9 am to 5 pm

Candidate must have sound knowledge in computer, English language and two wheeler's driving licence.

सुरक्षा गार्ड आवश्यकता
विद्यालयमै बस्ने र खानासहित सुरक्षा गार्ड चाहियो।
ईच्छुक व्यक्तिले आफ्नो नेपाली नागरिकतासहित तु-सम्पर्क गर्नुहोला।

BUDS ACADEMY
Baidam, Pokhara Lekhnath-6, Kaski
Email: academybuds@gmail.com
Phone : 061-463232

# याङ्जाकोट तमु समाजको स्थापना दिवस

पोखरा, १५ कात्तिक। याङ्जाकोट तमु समाज पोखराले बुधबार विभिन्न कार्यक्रमको आयोजना गरी ३३ औं स्थापना दिवस मनाएको छ।

मादी गाउँपालिका वडा नं. ३ याङ्जाकोटबाट विभिन्न समयमा पोखरा आई बसोबास गरेका व्यक्तिद्वारा सामाजिक भावनाका साथ २०४२ सालमा स्थापना भएको समाज बुधबारबाट स्थापनाको ३३ औं वर्षमा प्रवेश गरेको हो।

कार्यक्रम समाजका ८० वर्षमाथिका वयोवृद्ध क्या चन्द्रप्रसाद गुरुङ, बलबहादुर गुरुङ, गोपाल गुरुङ तथा समाजका अध्यक्ष चन्द्रबहादुर गुरुङले उद्घाटन गरे।

कार्यक्रममा यस वर्षको एसइई परीक्षामा उत्कृष्ट नतिजा ल्याई उर्त्तीण समाजका सदस्यका छोराछोरी अञ्जना गुरुङ, सन्दीप गुरुङ, जुलन गुरुङ, सुशील गुरुङ र अमन गुरुङलाई जनही पाँच हजार तथा सम्मानपत्रद्वारा सम्मान गरिएको थियो ।

भारत्तोलनमामार्फत अन्तर्राष्ट्रिय रूपमा पहिचान बनाउन सफल खेलाडी टीकामाया गुरुङ, गायिका प्रिया गुरुङ, उच्च शिक्षा हासिल गरेका जनम गुरुङलाई समाजले सम्मान गरेको छ।

यस्तै, समाजले सक्रिय सदस्य पुरुषतर्फ भीमबहादुर गुरुङ र लोकबहादुर गुरुङ तथा महिला सदस्यतर्फ आशाकाशी गुरुङ र रुपिना गुरुङलाई जनही तीन हजार र खादाले सम्मान गरेको छ।

समाजका ८० वर्षमाथिका ज्येष्ठ नागरिक चन्द्रमाया गुरुङ, ननसुब्बा गुरुङ, बलबहादुर गुरुङ र गोपाल गुरुङलाई दोसल्ला ओढाएर सम्मान गरेको छ।

यस्तै, याङ्जाको तमु समाजअन्तर्गत आमा समूहले २ वर्षदेखि तमु धिं नेपालको केन्द्रीय आमा समितिबाट उत्कृष्ट आमा समूहको रूपमा सम्मानित र पुरस्कृत हुन सफल भएको भन्दै समाजका आमाहरूलाई पनि सम्मान गरेको छ।

समाजका युवा समिति सदस्य हाल अष्ट्रेलिया निवासी जीवन गुरुङले आफू जहाँ रहे पनि समाजको विकासको निम्ति लागिपर्ने बताए ।

समाजका उपाध्यक्ष जेमप्रसाद गुरुङको स्वागत मन्तव्यसँगै शुरु भएको कार्यक्रममा कोषाध्यक्ष सु.जीतबहादुर गुरुङले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने कलाकारले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए।

साथै, समाजका वरिष्ठ सल्लाहकार क्या.चन्द्रप्रसाद गुरुङले निरोगी बन्न योगाको महत्वबारे बोलेका थिए। समाजका सचिव क्या.घनबहादुर गुरुङले सञ्चालन गरेको कार्यक्रमको अध्यक्षता समाजका अध्यक्ष चन्द्रबहादुर गुरुङले गरेका थिए। एजेन्सी

# सगरमाथाको उचाइ कति ?

सोलुखुम्बु, १५ कात्तिक : सर्वोच्च शिखर सगरमाथाको उचाइ नाप्ने काम शुरु भएको छ । नेपालले पहिलोपटक सगरमाथाको उचाइ नाप्न लागेको हो ।

सगरमाथाको उचाइ नाप्नका लागि नापी विभागले स्थलगतरुपमा प्रारम्भिक चरणको काम शुरु गरेको छ । विभागका अधिकृतसहित तीन जनाको टोली खटाएर गत बुधबारदेखि काम थालनी गरिएको हो ।

यही कात्तिक ७ गते सोलुखुम्बु आएको टोलीले भारतीय सर्वेक्षकले करिब ६० वर्ष अघि सगरमाथाको उचाइ नाप्न प्रयोग गरेको नियन्त्रण बिन्दु खोज्ने काम गरेको छ । सोलुखुम्बुको आठ, खोटाङ र दोलखामा दुई/दुई स्थानमा उक्त बिन्दु राखिएको बताइएको छ ।

टोलीले सोलुखुम्बुको चार स्थानमा राखिएको बिन्दु भेट्टाएको छ भने बाँकी खोज्नेक्रम जारी रहेको जनाएको छ । तत्काल जाडो बढेकाले अन्य थप काम गर्न नसक्ने भएपछि आजै उक्त टोली काठमाडौँ फर्किएको छ ।

दुई वर्षसम्म काम पूरा गर्ने लक्ष्यसहित विभागले प्रारम्भिक चरणको काम शुरु गरेको विभागका प्रमुख नापी अधिकृत सुशील डंगोलले जानकारी दिनुभयो । करिब ६० वर्षअघि भारतीय सर्वेक्षण टोलीले सगरमाथाको उचाइ नापेपछि पुन: उचाइ नाप्ने काम भएको थिएन । २०७२ को भूकम्पपश्चात सगरमाथाको अवस्था पत्ता लगाउनका लागि पनि उचाइ मापन गर्न लागिएको अधिकृत डंगोलले बताए ।

बाह्र वटा बिन्दुमा लेभलिङ राखिने र सगरमाथाको चुचुरोमा जिपिएस सर्वेक्षण राखेर उचाइ मापन गरिने छ । उचाइ मापनका लागि विभागले सम्पूर्ण खाका तयार पारिसकेको बताइएको छ । प्रारम्भिक चरणको प्रतिवेदन तयार भएपछि सर्वेक्षक, विज्ञसहित अन्तर्राष्ट्रियस्तरको गोष्ठीमा थप छलफल हुने र गोष्ठीबाट स्वीकृत भएपछि मात्र उचाइ मापनले मान्यता पाउने छ ।

भारतीय सर्वेक्षक समूहले सगरमाथाको उचाइ आठ हजार ८४८ मिटर भएको पुष्टि गरेको थियो । तर भूकम्पलगायतको कारण सगरमाथाको उचाइ घटबढ भएको हुनसक्ने अनुमान गरिएको छ । नेपालले गर्न लागेको यो सर्वेक्षणबाट उत्पन्न शंकाउपशंका हट्नेछ ।रासस

# 'दुवै गठबन्धन देश र जनताको हितविपरीत'

❑आदर्श समाज संवाददाता____

लमजुङ, १५ कात्तिक। वाम वा लोकतान्त्रिक जुनसुकै गठबन्धन भए पनि त्यो देश र जनताको हितमा नभएको जन समाजवादी पार्टीले ठहर गरेको छ ।

सदरमुकाम वेसीशहरमा बुधबार पत्रकार सम्मेलनमा दलका केन्द्रीय सचिव एवम् प्रतिनिधिसभाका प्रत्यक्षतर्फका उम्मेदवार नीराजनकुमार कुँवरले आफ्नो दल कम्युनिष्ट सिद्धान्तमा विश्वास गर्ने भए तापनि एमाले र माओवादीको गठबन्धनले एउटै कम्युनिष्ट पार्टी निर्माण हुन्छ भन्नेमा आफ्नो विश्वास नभएको बताए।

उनले पुराना दलले आजसम्म मुलुकको हित नगरेका कारण गर्दा आफूहरू चुनावी मैदानमा आउनुपरेको बताए। उनले आफ्नो दललाई नेकपा (माले), राप्रपा (प्रजातान्त्रिक) र राप्रपा राष्ट्रवादीले समर्थन गरेको समेत बताए।

पत्रकार भेटघाटमा लमजुङको विकासका पाँच आधार रहेको बताउँदै कुँवरले सो अवसरमा वितरीत प्रतिवद्धता पत्रमा तिनको व्याख्या गरिएको थियो। पाँच आधारमा विज्ञान र प्रविधिको विकास, पर्यटन विकास कृषि तथा पशुपालन, पुन:निर्माण एवम् भौतिक विकास र उर्जा क्षेत्रको विकास रहेको बताए।

पत्रकारको जिज्ञासामा विज्ञानको सँगसँगै आध्यात्मिक भावनाको विकास जरुरी रहेको बताउँदै उर्जाको विकासका लागि लमजुङवासीलाई एक परिवारका लागि कम्तीमा पाँच हजारको सेयर भने पनि दिनुपर्ने नीतिगत व्यवस्था गरिनु पर्ने पार्टीको धारणा रहेको बताए।

कार्यक्रममा प्रदेश सभाका लागि क्षेत्र नं १ का उम्मेदवार बुद्धिमान परियार, जिल्ला अध्यक्ष सूर्यबहादुर बुढापृथी, जिल्ला सदस्य एवम् प्रदेश सभाका क्षेत्र नं २ का उम्मेदवार हर्के सार्की लगायत केन्द्रीय नेता तथा कार्यकर्ताको सहभागिता थियो।

कार्यक्रममा दलका काभ्रे, नुवाकोटमा गृहजिल्ला भएका केन्द्रीय सदस्यहरु तथा राप्रपा(प्रजातान्त्रिक) र राप्रपा राष्ट्रवादीका प्रत्यक्षतर्फ उम्मेदवारी दिएर नाम फिर्ता गरेका उम्मेदवार उपस्थित थिए तर नेकपा मालेका प्रतिनिधि भने देखिएनन्।

# डान्स च्याम्पियनसीप हुँदै

पोखरा, १५ कात्तिक। एमनुज डान्स स्कुल, बिटुडी डान्स क्रु र मिरर किंग इन्टरटेनमेन्ट प्रा.लि.को संयुक्त आयोजनामा फ्रि स्टाइल डान्स च्याम्पियनसीप शनिबार पोखरा सभागृहमा हुँदैछ । उपाधिका लागि ३१ जनाले प्रतिष्पर्धा गर्ने छन् ।

६६ जना प्रतिष्पर्धीबाट छनोटमा परेका ३१ जनासँगै गोल्डेन ढाकाटोपी अवार्डका लागि कुल १० समूहले समेत प्रतिष्पर्धा गर्ने कार्यक्रमका प्रचार संयोजक मन क्षेत्रीले बताए।

गोल्डेन ढाका टोपी अवार्डका लागि प्रतिष्पर्धा गर्ने समूहमा बेसलाइन एकेडेमी, सरस्वती बोर्डिङ स्कुल, स्टेप बाइ स्टेप बोर्डिङ स्कुल, नवदीप बोर्डिङ स्कुल, कास्की मोर्डनाइज्ड बोर्डिङ स्कुल, डाइनामिक बोर्डिङ स्कुल र राइजिङ्ग गर्ल्स ग्रुप पोखरा छन्। च्याम्पियनसीप उपाधिका लाागि सुजिना लामा, सुरक्षा केशी, नेसन मगर, दीपु गुरुङ, अञ्जना थापा, कृष्ण बुढाथोकी, अस्मिता आले, नीरज राइभाट, यूसा नेपाली, सुनिता पुन, खुस्बु गुरुङले प्रतिष्पर्धा गर्नेछन्।

यस्तै, सपना पुन, प्रसुन गुरुङ, पिंकी घले, सुस्मिता थापा मगर, विक्रम मगर, आकृति भुषाल, ऋतिक सुनार पनि उपाधि भिडन्तमा छन्।

फाइनल पुग्ने अन्य प्रतिष्पर्धीमा एलिसा गुरुङ, आयुस्का गुरुङ, पवित्रा कार्की, प्रेजा गुरुङ, रोसनी गुरुङ, समीक्षा बराल, सञ्जिता पहाडी, सन्ध्या बसौला, स्मृति देवकोटा, सोनिका नेपाली, सृजना श्रेष्ठ, सुहेना गुरुङ र सुस्मिता गुरुङ छन्। एजेन्सी

# दुर्घटनामा दुई विद्यार्थीको मृत्यु

रुपन्देही, १५ कात्तिक : विद्यालय जाँदै गर्दा बुधबार बिहान विद्यार्थीलाई ट्रकले ठक्कर दिँदा रुपन्देहीमा दुईजनाको मृत्यु भएको छ ।

भैरहवा नवलपरासीको सडकखण्डको रोहणी गाउपालिका-३ छोटी रामनगरमा ट्रकले ठक्कर दिँदा दुईजनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

पश्चिम क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय बुटवलका अनुसार भैरहवादेखि परासीतर्फ जाँदै गरेको लु १ ख ९३५१ नम्बरको ट्रकले साइकलमा घरतर्फ जाँदै गरेका रोहणी गाउँपालिका-२ रामनगरमा ठक्कर दिँदा सोही गाउँपालिका-३ की १२ वर्षीया सन्ध्या प्रजापती र सोही स्थानका १४ वर्षीय मुनिलाल कहारको मृत्यु भएको प्रहरीले जनाएको छ ।त्यस्तै ठक्करबाट साइकलको पछाडि सवार रहेका दुई जना सामान्य घाइते भएका छन् । घाइतेको भैरहवा मेडिकल कलेजमा उपचार भइरहेको छ । मृतक कहार युनिक स्कुल र प्रजापती रामनरेश माविका विद्यार्थी हुन् । उता, तानसेन-५ ढुंगाखानीमा आज जिप दुर्घटना हुँदा ११ जना घाइते भएका छन् ।

तानसेनको सेतीपोखरीबाट कैलाशनगरतर्फ फर्कने क्रममा लु१च ९८९१ नंको बोलेरो जिप दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घाइतेको अहिले तानसेनस्थित युनाइटेड मिसन अस्पतालमा उपचार भइरहेको छ ।रासस

# लागुपदार्थ दुर्व्यसनीबारे सचेतना

पोखरा, १५ कात्तिक। लागु पदार्थ दुर्व्यसनीविरुद्ध महाअभियानअन्तर्गत पोखरा ९ इकाइ समितिले सचेतना कार्यक्रम गरेको छ।

कार्यक्रममा वडा अध्यक्ष रामराज लामिछाने, जिल्ला सामुदायिक प्रहरी सेवा केन्द्रका इञ्चार्ज होतराज रोकाय, टोल विकास संस्था वडा समन्वय समिति अध्यक्ष उत्तम जोशी, वडास्तरीय महिला समन्वय समितिकी अध्यक्ष दिलमाया गुरुङ लगायत आमा समूह, टोल विकास संस्थाको सहभागिता थियो।

वडाका पार्वती टोल, शुभकामना टोल, चोर साँघु, कृष्ण टोल, गणतान्त्रिक टोल, बसपार्क, पृथ्वीचोक हुँदै नयाँबजारमा पुगी सचेतना कार्यक्रम गरिएको थियो। कार्यक्रम वडास्तरीय समितिका संयोजक लेखुराम खतीको अध्यक्षतामा भएको हो। एजेन्सी

# युनिटी चौतारीको पिस पोस्टर

पोखरा, १५ कात्तिक। लायन्स क्लब अफ पोखरा युनिटी चौतारीको आयोजनामा पिस पोस्टर कार्यक्रम बुधबार सम्पन्न भएको छ।

ह्यापी बोर्डिङ स्कुल मासबारमा आयोजित कार्यक्रममा मदरल्याण्ड बोर्डिङ स्कुलका सुजना विक प्रथम भएकी छन्। मदरल्याण्डकै कपिलराज गाहा द्वितीय र छोरेपाटन माविका किशोर राई तृतीय भए। ह्यापी बोर्डिङका उत्सव थापा सान्त्वना भए ।

प्रमुख अतिथि लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ बि १ नेपालका पिस पोस्टर कमिटी चियर पर्सन उर्मिला श्रेष्ठले शान्तिको कामना गर्दै लायन्सले पिस पोस्टर कार्यक्रम आयोजना गरिएको बताइन् ।

क्लबका अध्यक्ष सरस्वती गिरीको अध्यक्षतामा आयोजित कार्यक्रममा जोन चियरपर्सन वसन्त गिरी, लायन्स क्लब अफ पोखरा सिर्जना चौतारीका अध्यक्ष कलाधर बास्तोला, सिर्जना चौतारीका प्रथम उपाध्यक्ष गोपाल थापा लगायत बोलेका थिए। निर्णायक गोपाल श्रेष्ठ थिए। एजेन्सी

# म्यादी प्रहरी मनाङ पठाइयो

❑आदर्श समाज संवाददाता____

लमजुङ, १५ कात्तिक। आगामी चुनावका लागि हिमाल पारीको जिल्ला मनाङमा एक सय २७ जना म्यादी प्रहरी पठाइएको छ। तीमध्ये ८३ जना पुरुष र २४ जना महिलाको छनौट गरी मनाङ पठाइएको जिल्ला प्रहरी कार्यालय लमजुङले जनाएको छ।

म्यादी प्रहरी भर्ना हुन आएकाहरु यसअघिको स्थानीय तहमा म्यादी प्रहरी भएर काम गरेकाहरु धेरै छन्। पूर्व म्यादी, पूर्व प्रहरी, पूर्व सेनालगायतका बढी रहेको प्रहरीले जनाएको छ।

म्यादी प्रहरीका लागि आवेदन दिन १८ देखि ५५ बर्षसम्मका नागरिकलाई भर्ना आह्वान गरिएको थियो। त्यसमा १८ देखि ३५ बर्ष उमेर समूहका बढी रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक गौरव महतले बताए। उनका अनुसार यसअघिको स्थानीयतह निर्वाचनमा एक हजार चार सय २९ जनाले आवेदन दिएका थिए।

यसैबीच, आगामी मंसिर १० र २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको चुनावका लागि लमजुङमा नौ सय ३९ जना म्यादी प्रहरी छनोट भएका छन्। म्यादी प्रहरीमा सहभागी हुनका लागि दुई हजार १३ जनाले आवेदन दिएका थिए। म्यादी प्रहरीमा छनौट भएकामध्ये सात सय ३६ जना पुरुष र दुई सय तीन जना महिला रहेको जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी नायव उपरीक्षक पदमबहादुर विष्टले बताए। उनका अनुसार कात्तिक २४ गतेसम्म म्यादी प्रहरीलाई तालिम दिइने भएको छ।

तालिमको प्रमुख जिल्ला अधिकारी युवराज मैनालीले उद्घाटन गरे। निर्वाचनलाई निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न पार्न म्यादी प्रहरीले महत्वपूर्ण भूमिका खेल्नुपर्ने मैनालीले बताए।

# ससुराको पुण्यतिथिमा वृद्धाश्रमलाई सहयोग

पोखरा, १५ कात्तिक। पोखरा १७, बिरौटा निवासी बाबुराम रेग्मीकी श्रीमती पार्वती पौडेल रेग्मीले आफ्ना ससुराको पुण्यतिथिमा वृद्धाश्रमलाई सहयोग गरेकी छन् ।

उनले पुतलीबजार नगरपालिका वडा नं. १३ ज्योतिषडाँडा निवासी केशवराज रेग्मीको छैंटौ वार्षिक पुण्यतिथिमा पोखरा १४, बाच्छेबुडुवास्थित वृद्धाश्रमलाई खाद्यान्न लगायत सामग्री सहयोग गरेकी हुन्। एजेन्सी

# उपभोक्ता मञ्च अध्यक्ष कोइरालालाई मातृशोक

❑आदर्श समाज संवाददाता____

पोखरा, १५ कात्तिक। उपभोक्ता मञ्च कास्कीका अध्यक्ष कपिलनाथ कोइरालालाई मातृशोक परेको छ।

उनकी आमा धनेश्वरी कोइरालाको ८९ वर्षको उमेरमा मङ्गलबार मणिपाल शिक्षण अस्पतालमा उपचारक्रममा निधन भएको हो। उनी निमोनियाबाट पीडित थिइन्।

स्वर्गीय धनेश्वरीका एक छोरा कपिलनाथ र चार छोरी छन्। धनेश्वरी स्वर्गीय जिल्ला न्यायाधीश फणिन्द्रनाथ कोइरालाकी धर्मपत्नी थिइन् ।

उनको सेती किनार रामघाटमा अन्त्येष्टि गरिएको छ । शवयात्रामा शुभेच्छुक, आफन्त, परिवारजनको सहभागिता थियो।


## सहकारी एकीकरण सम्बन्धी सूचना

सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्कीको मिति २०७४/०७/१५ गतेको चलानी नं. ७२१ रहेको सहकारी एकिकरण पूर्व स्विकृत पत्र, बाघमारा बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०७४/०६/०३ गते सम्पन्न को पाँचौ वार्षिक साधारण सभा, बाघमारा नमूना कृषि सहकारी संस्था लि.को मिति २०७४/०६/२६ गते सम्पन्न चौथो वार्षिक साधारण सभा र ग्रामीण विकास कृषि सहकारी संस्था लि.को मिति २०७४/०६/०६ गते सम्पन्न छैटौं साधारण सभाको निर्णय अनुसार सहकारीको अवधारणा अनुरुप सहकारी संस्थामा आबद्ध सदस्यहरुको बीचमा छरिएर रहेको आर्थिक व्यवसायिक तथा सामाजिक स्रोतलाई एकीकृत गरी एक अर्कावीच पारस्परिक सहयोग एवम् सहकार्यका लागि सदस्यहरुको आर्थिक उन्नति गरी सामाजिक विकास गर्ने उद्देश्यलाई आत्मसात गर्दै सहकारी ऐन २०४८ को दफा ३१ अनुसार २ वा दुई भन्दा बढी सहकारी संस्थाहरु एक आपसमा गाभी एकीकरण गर्न सम्बन्धित संस्थाहरुको स्वायत्त, स्वतन्त्र अधिकार प्रयोग गरी समुदायमा आधारित सदस्य केन्द्रित एक सबल सक्षम सहकारीको आवश्यकता महसुस गरी संख्यात्मक बृद्धि भन्दा गुणात्मक सुधार गर्नका लागि वर्तमान समयको आवश्यकता र माग रहेको छ। सहकारी संस्थाको व्यवस्थापकीय पक्षलाई सुशासन, सदस्य निर्देशित सहकारी संस्था स्थापना गर्नका लागि सहकारी संघसंस्था एकीकरण सम्बन्धी कार्यविधि २०७० को अधिनमा रही हामी तपसीलमा रहेका उल्लेखित सहकारी संस्थाका अख्तियारी प्राप्त व्यक्तिहरुले साधारण सभाको निर्देशनमा रही एक हुन सहमत भएका छौं। सहकारीलाई बहुउद्देश्यीय सहकारी बनाउने, सेवा केन्द्रहरु विस्तार गरी सदस्य मैत्री सेवा प्रदान गर्नुका साथै तीन सहकारीको समन्वयात्मक साझेदारीबाट उत्पादनमूलक रोजगारी सिर्जना हुने र गरीबी न्यूनिकरणमा कार्य सञ्चालन गरी समग्र विकासमा टेवा पुऱ्याउने सहकारी एकीकरणको उद्देश्य रहनेछ। एकीकरण पश्चात **बाघमारा बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था लि.** संस्थाको नाममा एकीकरणको प्रक्रियामा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयमा अन्तिम स्वीकृतिको चरणमा पुगेको हुँदा सम्पूर्ण शेयर सदस्य, सम्बन्धित संघ संस्थाहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

| श्री डिल्लीराम बराल | श्री टुकराज भण्डारी | श्री रमेश बहादुर कार्की |
|---|---|---|
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| बाघमारा बचत तथा ऋण सहकारी संस्था लि. | बाघमारा नमुना कृषि सहकारी संस्था लि. | ग्रामीण विकास कृषि सहकारी संस्था लि. |
| पोखरा लेखनाथ महानगरपालिका-३३, | पोखरा लेखनाथ महानगरपालिका-३३, | पोखरा लेखनाथ महानगरपालिका-३३, |

## RJ/MC/VJ उद्घोषण

बोल्ने कलाको विकासका लागि व्यक्तित्व, नेतृत्व विकासका लागि कुनै पनि कार्यक्रममा ढुक्क भएर बोल्नका लागि

कक्षा सञ्चालन भइरहेको छ।

सम्पर्क

गुणस्तरीय तालिम दिँदै आएको पुरानो संस्था

क्रियटिभ ब्रोडकास्टिङ मिडिया प्लस

न्यूरोड, पद्म नर्सिङ होम अगाडि, मोबाईल : ९८१५१२४७५०

## SEE (SLC), +२ मा भर्ना

ग्रेडिङ्ग सिस्टम अनुसार सबैले सजिलै घरमै बसी स्व-अध्ययन गरेर पनि SEE/SLC पास गर्न सकिने छ। होस्टेलको पनि व्यवस्था छ।

(कक्षा ६, ७ र ८ फेल विद्यार्थीलाई विशेष कक्षाको व्यवस्था)

SEE मा सबै विषयमा D र E ग्रेड आएकाले पनि +२ पढ्न मिल्नेछ।

सम्पर्क:

मनकामना एजुकेशनल सेन्टर

सृजनाचोक, पोखरा-८, फोन नं.: ०६१-५३९५५१, ९८५६०३९५५१

## WANTED

One reputed organization including 30 M.W. Hydropower Project is looking for some **Accounting staffs** in Pokhara. Interested candidates could apply full bio-data in following mailing Address.

who have a CA/ACCA/MBA and MBS qualification with at least 2 years experience.

Salary is attractive.

**Mailing Address : thapasujit72@gmail.com**

## बिमा लेख हराएको सूचना

कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका वडा नं. ८ स्थायी ठेगाना भएका तपसिल बमोजिमको एल आई सी नेपालको विमा लेख नम्बर बगरबाट पृथ्वीचोकसम्म जाँदा हराएको हुदाँ निजलाई उक्त विमालेखको प्रतिलिपि गराउनु पर्ने भएकाले उक्त विमालेख उपर कसैको हकदावी भएमा यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र सप्रमाण मागदावी गर्न सम्बन्धी सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

नाम:असोक कुमार गुरुङ

विमा लेख नं:१३००७७८४०

सम्पर्क : एल आई सी नेपाल पोखरा शाखा

फोन :०६१५३९१९१

## डिस्चार्ज सर्टिफिकेट हरायो

यही मिति २०७४/०५/२० गते विरौटाबाट महेन्द्रपुल जाँदै गर्दा मेरो निम्न व्यहोरा भएको इन्डियन आर्मी डिस्चार्ज सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालयमा वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम** : सिपाही मन बहादुर राना

**ठेगाना** : किचनास-८, स्याङ्जा

**आर्मी नं.**: ५२३५२१८ Sep (1/3GR)

TS No. : १५६८९४

**सम्पर्क नं.** : ९८४६२०३०३३

## हार्दिक समवेदना



जन्म: वि.सं. २००३ फागुन १२ गते

स्वर्गारोहण : वि.सं. २०७४ कात्तिक ७ गते

**स्व. ललीमाया भुजेल**

हाम्री प्रात:स्मरणीय ममतामयी आमा/हजुरआमा ललीमाया भुजेलको ७१ वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणले हामी अत्यन्त मर्माहत भएका छौँ। यस दु:खद् घडीको आज १३ औँ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै हामीप्रति सहानुभूति, समवेदना एवम् सहयोग प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, बन्धुबान्धव, आफन्तजन, छरछिमेक एवम् शुभचिन्तक महानुभावहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ।

छोरा/बुहारीहरु

वीरबहादुर/हिमकला भुजेल, तारा बहादुर/रुपा भुजेल, गम बहादुर/भिमा भुजेल, वसन्त बहादुर लक्ष्मी भुजेल, भेष बहादुर/आरती भुजेल, चन्द्रबहादुर/लक्ष्मी भुजेल

तथा

समस्त भुजेल परिवार, पोखरा लेखनाथ वडा नं. २३, बराङ

## हार्दिक समवेदना



जन्म: वि.सं. १९८७/०८/२०

स्वर्गारोहण : वि.सं. २०७४/०७/०४

**स्व. पूर्णबहादुर भण्डारी**


यस एकता बचत तथा ऋण सहकारी संस्था लि.का सञ्चालक समितिका सदस्य तारादेवी भण्डारी थापा र शिक्षा उपसमितिका सदस्य शंकरा देवी पौडेलका पूजनीय पिता तथा सल्लाहकार रामकृष्ण थापाका पूजनीय ससुराबुबा पूर्णबहादुर भण्डारीको ८७ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत भएका छौँ। आज १३ औँ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौँ।

अध्यक्ष एवम्

**एकता बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

पोखरा लेखनाथ महानगर-१४, स्वागतनगर, कास्की

## हार्दिक समवेदना



जन्म : वि.सं. २०१४/११/०४

स्वर्गारोहण : वि.सं. २०७४/०७/०५

**स्व: धनबहादुर भण्डारी**

यस संस्थाका सदस्य अम्बिका भण्डारीका श्रीमान तथा यस संस्थाका सदस्य धनबहादुर भण्डारीको ६० वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरबाट प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौँ।

रूद्रमणि पराजुली

अध्यक्ष एवम्

**टुडीखेल हरिचोक टोल विकास संस्था परिवार**

पुरानो टुँडीखेल-१, पोखरा लेखनाथ महानगरपालिका

# संचयकर्तालाई कोषका सेवा र सुविधाबारे जानकारी

पोखरा, १५ कात्तिक। कर्मचारी सञ्चयकोष शाखा कार्यालय पोखराले मुस्ताङ्गमा रहेका कोषका सञ्चयकर्तालाई कोषले दिने सेवा र सुविधाबारे जानकारी गराएको छ।

जिल्ला प्रशासन कार्यालय मुस्ताङ्गको समन्वयमा बुधबार जोमसोममा भएको कार्यक्रममा कर्मचारी सञ्चय कोषका विभागीय प्रमुख ओमकृष्ण श्रेष्ठले कोषको वर्तमान स्थिति, सेवा सुविधा र भावी कार्यक्रमबारे बताएका थिए। प्रमुख जिल्ला अधिकारी रामचन्द्र तिवारीले कोषले समय समयमा अन्तर्क्रिया कार्यक्रम गरी कोषको सेवा सुविधा र कार्यक्रमबारे सञ्चयकर्तालाई सूचित गराउनु पर्नेमा जोड दिए।

कार्यक्रमका सभापति शाखा कार्यालय पोखराका प्रमुख दिलीपराज पौडेलले कोषले संचयकर्तालाई प्रदान गर्ने वित्तीय एवं सामाजिक सुरक्षण सेवासुविधाबारे जानकारी गराए।

कार्यक्रममा वरिष्ठ कार्यालय सहायक पारसमणि भण्डारीले कोषको ई-सर्भिस, मोवाइल एप्लिकेसन, अनलाइन फाँटवारी दाखिलासम्बन्धी विषयमा र सहायक प्रमुख जिल्ला अधिकारी लक्ष्मण खड्काले सञ्चय कोषका विविध कार्यक्रमबाट सञ्चयकर्ता लाभान्वित भएको बताए।

कार्यक्रममा मुस्ताङ्ग जिल्लास्थित सबै सरकारी कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, संस्थान, बैंक तथा वित्तीय संस्थाका कार्यालय प्रमुख र लेखा प्रमुखको सहभागिता थियो। एजेन्सी

# चौतारी सांस्कृतिक साँझ सम्पन्न

❑आदर्श समाज संवाददाता

लेखनाथ, १५ कात्तिक। पोखरा ३२, राजाको चौतारामा रहेको चौतारी युवा क्लबले एकादशी पर्वको अवसर पारेर चौतारी सांस्कृतिक साँझ गरेको छ।

क्लबले स्यालतहरामा चौतारी रंगशाला निर्माण गर्ने उद्देश्यका साथ सांस्कृतिक कार्यक्रम आयोजना गरी क्लबले करिब १२ लाख रूपैयाँ संकलन गरेको छ।

कार्यक्रममा स्थानीय भजन चुड्का, रत्यौली, पप कन्सर्ट, दोहोरी गीत, पन्चैवाजा, गजल लगायतका कार्यक्रम गरिएको थियो। कार्यक्रम उद्घाटन गर्दै प्रहरी नायव उपरीक्षक गोविन्द पुरीले युवालाई आफ्नो सँस्कृति रक्षा गर्दै अगाडि बढ्न सुझाव दिए । उनले लेखनाथ क्षेत्रमा कुनै पनि आपराधिक गतिविधि बढ्न नदिन जनतालाई शान्तिसुरक्षा प्रदान गर्न आफू सशक्त रूपमा लागिपरेको बताए।

क्लबका अध्यक्ष इन्द्रविलास (सूर्य) पौडलले स्वागत गरेको कार्यक्रमा पूर्व अध्यक्ष विष्णुप्रसाद तिवारी, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णहरि भण्डारी लगायतले समाज रूपान्तरणमा युवाहरूको ठूलो भूमिका हुने बताए ।

कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारी र प्रहरी नायव उपरीक्षक गोविन्द पुरीलाई सम्मान गरिएको थियो।

कार्यक्रम सञ्चालन अध्यक्ष ईन्द्रविलास पौडल र सचिव पुकार श्रेष्ठले गरेका थिए।


## सादर-निमन्त्रणा

कास्की बचत तथा ऋण सहकारी संघ लि. को आयोजनामा निम्न मिति, समय र स्थानमा हुने **सहकारी ऐन-२०७४** विषयक **अन्तरक्रिया कार्यक्रम**मा सहभागी हुनका लागि यस संघमा आवद्ध सहकारी संस्थाहरुलाई पत्राचार गरिसकिएको छ। कथमकदाचित पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी अनिवार्य १ जना प्रतिनिधि उपस्थित भईदिनुहुन सादर निमन्त्रणा गर्दछौं।

**कार्यक्रम:**
मिति : २०७४/०७/१७ गते शुक्रवार
समय : दिउँसो १२:३० बजे
स्थान : दीपसागर पार्टी प्यालेस
न्यूरोड, पोखरा

दिपक प्रकाश आचार्य
सचिव
कास्की बचत तथा ऋण सहकारी संघ लि.

## पोखरामा पहिलो पटक

- महिला पुरुषमा हुने सम्पूर्ण यौनरोगको समस्याको समाधान
- Wild Herbs Pvt. Ltd. को उत्पादनहरू Glow up, Pen Guard, Kesha, Slim Tea, Six Pack Care Machine पाइन्छ।
- स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
- केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन रूप अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
- ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेननिल।

साथै टि.भी. तथा पत्रपत्रिकामा विज्ञापनमा देखाउने सम्पूर्ण सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ।

❖ अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्वल होम्स्
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

## neo Sun
Premium Quality Solar Water Heaters
India's No.1 SOLAR WATER HEATER




हामीकहाँ
सोलार वाटर हिटर
ग्याँस, गिजर neosun कम्पनीका water purifier (R.O+UV) इलेक्ट्रिक किचन चिम्नी होलसेल तथा खुद्रा मूल्यमा ग्यारेण्टीका साथ जडान तथा मर्मत गरिन्छ।

सम्पर्क
पायोनियर
इन्टरनेशनल ट्रेडिङ्ग
रानीपौवा, पोखरा-११
०६१-५२७९१८, ५३८१०७, ९८५६०२५३७०

## PhD Research

We are with you!
Concept Building/Topic Selection, Article/Proposal/Desertation Writing /Presentation सहितको Special Research Training स:शुल्क चलिरहेको छ, यहाँहरुले उक्त तालिममा भाग लिइ क्षमता विकास गर्न चाहनु हुन्छ भने समयमै सम्पर्क गर्नुहोला, सिट सिमित छ ।

PhD तयारी कक्षा १२० घण्टा

| काठमाडौं | स्थान | पोखरा |
|---|---|---|
| मेगा कलेज, बबरमहल २०७४, कार्तिक १८ गतेदेखि हरेक शनिबार ९८५१०२२४२६ (डा. द्वारिका) | | होटल दरबार इन, लेकसाइड, २०७४, कार्तिक १८ गतेदेखि हरेक शनिबार |

Track Research Foundation
सम्पर्क: ०६१-४६०३११, डा. दामोदर बसौला ९८५६०२२९२२
गोविन्द लामिछाने (एलसी) ९८५११९२३९८
पदम दवाडी ९८४६०५०१४४

## अफिसको लागि
Free Training
Job Guarantee
साधारण - ३ जना
एसएलसी - ५ जना
+ २ माथि - २ जना
तलब : आकर्षक
सुविधा : गाडीभाडा + बोनस
सम्पर्क:
९८०४१७३३५०
९८४६०५७७७०

## अफिस बिक्रीमा
पोखराको महेन्द्रपुल चिप्लेढुङ्गामा चालु अवस्थामा रहेको कन्सल्टेन्सी डेकोरेशन सहित बिक्रीमा छ।
सम्पर्क:
९८०५८६२२००
९८०४१४१७९३
९८५६०४२७९३

## जाँड रक्सी
जाँड रक्सी साथै चुरोट तथा अन्य कुलत थाहै नदिई (३) दिन मै छुटाइने
चाँया, कालो पोतो डण्डीफोर साथै चाउरीपन हटाई पुरै शरीर गोरो बनाउने।
महिला सम्बन्धी सम्पूर्ण रोगको सफल उपचार गरिन्छ।
- शरीर १ महिना मै ३-१० के.जी. घटाउने तथा बढाउने।
- १ महिना मै ३ इन्चसम्म उचाई बढाउन सकिने।
- केश झर्न रोकी तुरुन्तै उमार्ने हर्बल तेल।
- यौन सम्बन्धी रोगको सम्पूर्ण उपचार
- ढाड तथा हाडजोर्नी तुरुन्तै पार्ने मसाज तेल

फ्रि- होम डेलिभरी
माछापुच्छ्रे हर्बो पृथ्वीचोक (पोखरा विजनेश कम्प्लेक्सभित्र)
फोन नं. ०६१-५३१८६७, ९८४६१३७४१८

## मोटोपन 7 दिनमा 5 देखि 8 केजी घटाउने
जाँड रक्सी — जाँड रक्सी साथै चुरोट तथा अन्य कुलत थाहै नदिई (१) दिनमै छुटाउने।
अनुहारमा भएको चायाँपोतो, डण्डीफोर र चाउरीपना नेपालमै पहिलो पटक भित्रेको I mask प्रविधिद्वारा हटाउने।
कपाल स्ट्रेटमा विशेष छुट
यौनरोग सम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।
उचाई : एक महिनामा ३ देखि ५ इन्चसम्म बढाउने
कपाल झर्न रोक्ने, ब्रेष्ट घटाउने, बढाउने, टाइट गर्ने
जिबा स्लिम होम
पालिखेचोक, पोखरा (ताम्राकार भवन)
फोन: 061-540527 मो. 9846061304

## मन्टेश्वरी तालिम
दशौं वार्षिकोत्सवको उपलक्ष्यमा (तिन महिनाको) मात्र रु. १५000/-
विशेषताहरु:-
- CTEVT बाट सम्बन्धन प्राप्त (जुनियर डिप्लोमा) प्रमाण पत्र प्रदान गरिने ।
- नेपाल सरकारबाट स्वीकृति सहित पटक पटक राष्ट्रियस्तरको सम्मान ।
- दशौं वर्ष देखि ख्यातिप्राप्त एवं अनुभवी प्रशिक्षकबाट अध्यापन ।
- उत्कृष्टहरुका लागि रोजगारीको व्यवस्था ।
- अन्य ठाँउबाट तालिम लिएका तर असन्तुष्ट र निराश भएकाहरुलाई विशेष प्राथमिकता

सम्पर्क
पोखरा मण्टेश्वरी एण्ड मल्टिपल ट्रेनिङ्ग सेन्टर
रानीपौवा, पोखरा-११, फोन: ०६१-५४१८१३, ५२१३८२
www.pokharamontessori.com.np

# वर्गीकृत डिस्प्ले

## सेफ्टी टंकी सफा गर्नुपरेमा
पोखरामा सबैभन्दा बढी क्षमता भएको, भरिए नभरिएको सिसाबाट हेर्न मिल्ने।
नोट : जाम पनि खोलिने।
सम्पर्क:
९८०२८१५२९३
९८०२८१५२९६

## सटर भाडामा
बगरचोकमा फेन्सी सटर खाली २ थान र पहिलो तल्लाको तीन सटर खाली भाडामा छन्।
सम्पर्क:
९८५६०-२३९७५

## ४५ दिनमा फरर अङ्ग्रेजी
★ १००% ग्यारेण्टी फरर बोल्न र लेख्न
★ भर्ना किताब, १०० वटा CD नि:शुल्क
★ Free IELTS (केही समयको लागि)
Open Vision Academy
चिप्लेढुङ्गा, पोखरा, पराजुली मार्ग
९८५६०-८५८०२
९८४६३-८५८०२

## नि:शुल्क कम्प्युटर
CESG (Group of Scholars) को सहयोगमा १२० जनाको कोटाको लागि +२ तथा अन्य विद्यार्थीहरुका लागि Office package (Basic, Diploma, Accounting with Tally) मा नि:शुल्क शिक्षा प्रदान गरेको छ।
फर्म बुझाउने अन्तिम मिति : २०७४/०७/१७ गतेसम्म
नोट : छनौटमा नपरेकाहरुका लागि ८०% सम्म छुट
Informatics Institute
Srijanachowk, Pokhara-8,
061-523060,
98460-41617, 98161-21103

## नि:शुल्क कोरियन
CESG (Group of Scholars) को सहयोगमा ८० जनाको कोटाको लागि विभिन्न विद्यार्थीहरूका लागि कोरियन भाषा (Korean) मा नि:शुल्क शिक्षा प्रदान गरेको छ।
फर्म बुझाउने अन्तिम मिति : २०७४/०७/१७ गतेसम्म
नोट : छनौटमा नपरेकाहरुका लागि ६०% सम्म छुट
Informatics Institute
Srijanachowk, Pokhara-8,
061-523060,
98460-41617, 98161-21103

## तु-आवश्यकता
तन्दुरी कुक - १ जना
अनुभवीले मात्र सम्पर्क गर्नुहोला।
सम्पर्क
९८०६६८८१८५

## आवश्यकता
१. व्यवस्थापक - १ जना
योग्यता : B.B.S. पास वा सो सरह
२. बजार प्रतिनिधि - ४ जना
योग्यता : SLC पास वा सो सरह
तलब : संस्थाको नियम अनुसार
फर्म बुझाउने अन्तिम मिति : २०७४/०७/२० गतेसम्म
अन्तर्वार्ता मिति : २०७४/०६/२१ गते
सम्पर्क
समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा लेखनाथ-२, नयाँ बसपार्क
९८२७१-२२१८७, ९८४६०-६१०८४

## अफिस बिक्रीमा
सिद्धार्थचोकमा अवस्थित अफिस कन्सल्टेन्सी , बैंक, सहकारीको लागि अति उपयुक्त अफिस बिक्रीमा छ।
सम्पर्क
९८५६००३६००

## Home Tuition from Class 6 t0 10
Guided from Secondary Science teacher
Contact
9805811309

## आवश्यकता
महेन्द्रपुल नजिकै अगरबत्ती बनाउन शिक्षित, अशिक्षित महिला गृहिणीहरूलाई कामको अवसर
२/४ दिनको तालिमपश्चात् आफ्नै घरमा सामग्री लागी काम गर्न सकिने।
कामको दक्षता र क्षमताको आधारमा मासिक ६,०००।- भन्दा बढी कमाउन सकिने।
पार्ट टाइम/फुलटाइम १०० प्रतिशत कामको ग्यारेन्टी
सम्पर्क: ९८४७६४७०६८, ९८०६६६६३२६, महेन्द्रपुल, पोखरा
(नि:शुल्क गुडिया तालिम पनि सिकाइन्छ।)

## WANTED
Ass.manager–1
Cook–1
Waiter–1
Contact:
Old town bistro
Pokhara– 25,hemja
9817115002,061–401513
www.oldtownbistro.com.np

## घडेरी बिक्रीमा
पोखरा-१४, छिनेडाँडा सेन्ट फ्रान्सिस स्कुलको पूर्वपट्टि क्षेत्रफल ०-४-३-२ दक्षिण मोहडा २०×४० हातको घडेरी बिक्रीमा।
मूल्य : प्रतिहात ३ लाख ५० हजार
सम्पर्क:
९८०४१३५३४५

## कर्मचारी आवश्यकता
आ.संख्या : 7 Ladies 6 Gents
शै. योग्यता : SEE, +2
तलब सुविधा : संस्थाको नियमअनुसार आकर्षक हुनेछ ।
कार्य समय : 11:00 बजेदेखि 5:00 बजेसम्म
सम्पर्क : अमरसिंहचोक
98065-45801
98560-21715
98161-59710

## Good Morning Project लाई तु-आवश्यकता
तलब : आपसी समझदारीमा हुनेछ।
सुविधा : खान, बस्न साथै प्रत्येक महिनाको तलब साथ बोनस।
शै. योग्यता : साधारण Test : ३ जना महिला, पुरुष
SLC, +2 above - ६ जना महिला, पुरुष
गृहिणी महिला : ३ जना (साधारण Test, SEE माथि)
सम्पर्क :

| बुद्धचोक | पृथ्वीचोक |
|---|---|
| 9806534311, 9806187935 | 9846317889, 9802517889 |

## सस्तो घडेरी
४० लाखमा (२०x३७) को आकर्षक घडेरी महतगौंडाबाट २०० मि. मा र ३८ लाखमा १ रोपनी जग्गा बागमारा बसपार्क नजिकै (२ मुखमै बाटो भएकोले ८/८ आनाको टुक्रा गर्न मिल्ने)
सम्पर्क: ९८४११५२७००

## फेन्सी बिक्रीमा
चिप्लेढुङ्गा, ट्रेडमल स्थित 1st Floor मा अत्यन्त चालु अवस्थामा रहेको लेडिज फेन्सी तु-बिक्रीमा छ।
सम्पर्क:
९८२६१-२६९९६
९८०४१-००३००

## अफिसका लागि
'No Interview
No Experience'
साधारण लेखपढ : ३ जना
SLC : ४ जना
+ 2 above : ४ जना
तलब : आकर्षक
सुविधा : दैनिक गाडीभाडा + मासिक बोनस
सम्पर्क : 9816139404, 9806646755

## अर्जेन्ट आवश्यकता
अफिसको लागि

| योग्यता | आ.सं. | सुविधा |
|---|---|---|
| +2 above | 3 | कम्पनीको नियम अनुसार आकर्षक + बोनस |
| SLC | 5 | |
| 8 pass | 3 | |

समय : ११:०० देखि ५:०० बजेसम्म
सम्पर्क : 9815157802, 9846647627
नोट: 10+2 परीक्षा दिएर बसेकालाई पनि प्राथमिकता।

## कुक आवश्यकता
Typical नेपाली खाना, Continental Dishes र नेवारी खाना बनाउन जान्ने Expert Cook
टाढाबाट आउनेलाई Room को व्यवस्था
तलब : १५,०००+..
सम्पर्क: मदानी नेपाली चुलो
पोखरा-६, लेकसाइड
फोन: ०६१-४६७५५२, ९८५६०६९३७७

## तु-आवश्यकता
कुक - १ जना
डिसवासर - १ जना
वेटर - २ जना
सम्पर्क:
होटल निरज थकाली कुजीन
नागढुङ्गा, पोखरा-८
फोन: ०६१-५२७२७१, ९८१५११७१४४

## बिक्रीमा
विरौटा स्थित एक्स आर्मी नजिकै रहेको निश्चल खाजा घर विशेष कारणवश बिक्रीमा छ।
सम्पर्क
९८१६६-८३२८३

## तु-आवश्यकता
पर्वत स्याङ्जा आँधिखोला होटल एण्ड लज पृथ्वीचोकको लागि निम्न कर्मचारी आवश्यकता
कुक किचन हेल्पर
क्लिनर वेटर
श्रीमान् श्रीमती आउनेलाई विशेष प्राथमिकता दिइनेछ।
सम्पर्क : ९८४६५०२४०२
०६१-५५१५०६
९८१४१०४८८१

## तु-आवश्यकता
बस हेल्पर - २ जना
सम्पर्क
९८१६६५८२४०

## नयाँ अफिसका लागि
No Interview
No experience
साधारण : ३ जना
Test, SLC : ६ जना
+2 above : ४ जना
तलब : आकर्षक + दैनिक गाडीभाडा, मासिक बोनस
सम्पर्क: 9806548049, 9860750147
पोखरा-१, बगर
नोट : रिसेप्सन २ जना (कम्प्युटर ज्ञान भएको।)

## फ्रेस हाउस बिक्रीमा
पोखरा -६ लेकसाइड लालुपाते मार्ग स्थित अत्यन्त चालु अवस्थामा रहेको फ्रेस हाउस विशेष कारणवश तु-बिक्रीमा छ।
मूल्य : रु. ३ लाख ५० हजार (१ लाख डिपोजिट हुनेछ)
सम्पर्क
९८२५१-६९५३९
९८६३६४२९९९

## घर बिक्रीमा
पोखरा लेखनाथ -१९ लामाचौर भक्तिपथमा ४ आना क्षेत्रफलमा बनेको १ तले घर तु-बिक्रीमा छ।
मूल्य : जम्मा ६० लाख मात्र
सम्पर्क:
९८०६६-४५२९९
९८०५८२३१८२

## सटर भाडामा
सिद्धार्थचोकदेखि २०० मिटर तल ३१० वर्ग मिटर क्षेत्रफल भएको ३ सटर, खाली जग्गा र टीनको ५ कोठा भएको घर जग्गा भाडामा छ।
नोट : मेटल उद्योग, फर्निसिङ्ग सोरुम, होलसेल पसलको लागि विशेष ग्राह्यता।
सम्पर्क नं : ९८५६०-२२३४०

## Wanted
Golden Eye Academy is looking for qualified, self motivated and career oriented candidate.
Post: Receptionist
Qualification: +2 And above
Salary: Negotiable
Intrested Candidate should submit updated CV not later than 20th Kartik 2074
Golden Eye Academy
Pokhara-8, Srijanachowk
Phone: 061-522599

## रेष्टुरेण्ट बिक्रीमा
लेकसाइड स्थित 7:11 रेष्टुरेण्ट नजिकै बाराही मिनी मार्केट भित्र रहेको पर्याप्त पार्किङको सुविधा सहितको रेष्टुरेण्ट विशेष कारणवश तु-बिक्रीमा।
सम्पर्क
९८२३२-४९६११
०६१-४३१३८२

## टोलटोलमा आधारभूत योग शिक्षा तालिम
योगश्चित्तवृत्तिनिरोध:
'योग यात्री नेपाल'
परमानन्द भण्डारीबाट सञ्चालित
दैनिक योग ध्यान साधना प्राकृतिक उपचार र स्वास्थ्यवृत्त सम्बन्धी आवासीय प्रशिक्षण तथा साधना केन्द्र
आफू, परिवार, समाज र राष्ट्रको हितलाई सर्वोपरि राख्दै योग सिकौं र मानव हितका लागि काम गरौं।
सम्पर्क:
ओउम् रामरमा योगधाम पोखरा
९८४१४२०१९१/९८४००९५४३४

## रेष्टुरेण्ट बिक्रीमा
लेकसाइड फेवातालसँगै २५० जना भन्दा बढी क्षमता भएको अत्यन्तै चालु अवस्थामा रहेको रेष्टुरेण्ट तु-बिक्रीमा छ।
३ सटर सहित बिक्रीमा
आवश्यकता
कुक- २, किचन हेल्पर- २, डिसवासर- ३
नोट: विदेश जानेले सम्पर्कै नगर्नुहोला।
सम्पर्क: ९८५६०२३०३७, ९८१९१२४९०२

## कुक आवश्यकता
पद : कुक (अलराउण्डर)
संख्या : १ जना महिला
तलब : आपसी समझदारीमा
सम्पर्क
एभरेष्ट स्टेक हाउस
लेकसाईड, हल्लन चोक
०६१-४६६८२८

## URGENTLY WANTED
A well-established school of Pokhara is looking for a qualified and self-motivated candidate for the following post.
**Post :** Secondary Level Maths Teacher
**Qualification :** B.A. B.Ed or above
**Salary :** Negotiable
**Contact :**
9856027115, 9846002580

## गाडी बिक्रीमा
डबल क्याविन बोलेरो चाहियो।
बोलेरो १४ मोडेलको म्याक्सी ट्रक पावर स्ट्रीङ्ग र भ्यान महिन्द्राको म्याक्सीमो प्लस १५ मोडलको गाडि सुपथ मूल्यमा तु-बिक्रीमा।
सम्पर्क: ९८५६०२०४१९, ९८१६१४९४६८

## फेन्सी पसल बिक्रीमा
पोखरा ट्रेडमलको छेवैमा रहेको अत्यन्तै चालु अवस्थाको फेन्सी पसल विशेष कारणवश तु-बिक्रीमा
सम्पर्क:
९८०५८-४९५५६
९८१५१-७२४८८

## ड्राईभर आवश्यकता
एक प्रतिष्ठित कलेजको लागि मिनि ड्राईभरको आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।
सम्पर्क:
०६१-५३५६२९
९८५६०-१०१५१

## अफिसका लागि
No Interview
No Experience
साधारण लेखपढ - ३ जना
SLC - ४ जना
+2 above - ४ जना
तलब : आकर्षक
सुविधा : दैनिक गाडीभाडा र मासिक बोनस
सम्पर्क: 9814196283, 9846850505, 9805890225

## ब्यूटी पार्लर बिक्रीमा
लेकसाइड, पोखरा-६ मा अत्यन्त चालु अवस्थामा रहेको ब्यूटी पार्लर एण्ड फेन्सी स्टोर्स विशेष कारणवश बिक्रीमा छ।
सम्पर्क:
लक्ष्मी ब्यूटी पार्लर एण्ड फेन्सी स्टोर्स
पोखरा-६, लेकसाइड
फोन:९८४६९०९८९७

## तु-आवश्यकता
भर्खरै खुलेको अफिसलाई कर्मचारी आवश्यकता
साधारण - २ जना
SEE - ४ जना
+2 above - ४ जना
तलब : आकर्षक
सम्पर्क: 9846222719, 9805821072, 9803519148

## ५ कर्मचारी आवश्यकता
योग्यता : Test, SEE, +2 above
समय : ११ देखि ४ बजेसम्म
तलब : अफिसको नियम अनुसार, मासिक बोनस+ दैनिक गाडीभाडा
सम्पर्क:
9814119193 | 9846554271
9824191002 | 9825121921
नोट : ३ जना गृहिणीको पनि आवश्यकता।

# शालिक माग्दै रिले अनसन




*पृथ्वीचोकमा पृथ्वीनारायण शाहको शालिक पुनर्स्थापना हुनुपर्ने माग गर्दै न्यूरोडस्थित महानगरपालिकाको कार्यालय अगाडि अनसनकारी। उनीहरूले पृथ्वीचोकमा राष्ट्रिय एकताका प्रतीक शाहको शालिक पुनर्स्थापना हुनुपर्ने माग राख्दै आएका छन्।*

❑आदर्श समाज संवाददाता

पोखरा, १५ कात्तिक। पोखराको पृथ्वीचोकमा पृथ्वीनारायण शाहको शालिक पुनर्स्थापना हुनुपर्ने दबाब दिँदै अनसन थालिएको छ।

पृथ्वीनारायण शाह शालिक पुनर्स्थापना संयुक्त संघर्ष समितिले न्यूरोडस्थित पोखरा लेखनाथ महानगरपालिका कार्यालयअघि बुधबारदेखि रिले अनसन शुरु गरेको हो। चरणबद्ध आन्दोलनअन्तर्गत समितिले कात्तिक २० गतेसम्म रिले अनसन कायम रहने जनाएको छ।

संघर्ष समितिका संयोजक शंकर खरालले माग पूरा नभए पूर्वघोषित आन्दोलनका कार्यक्रमअन्तर्गत कात्तिक २१ देखि अनिश्चितकालीन पोखरा बन्दसम्म गर्ने चेतावनी दिए।

अनसन शुरुवातमा क्षत्री समाज नेपालका पूर्व अध्यक्ष समेत रहेका संघर्ष समितिका वरिष्ठ सल्लाहकार प्राडा दिलबहादुर क्षत्री, क्षत्री समाज नेपाल कास्कीका अध्यक्ष पदमबहादुर कार्की, उपाध्यक्ष डिलबहादुर अधिकारी, ब्राह्मण समाज नेपाल कास्कीका अध्यक्ष रामप्रसाद वस्ताकोटी, पूर्व सभासद कृष्णकुमारी परियार, संघर्ष समितिका महिला प्रचार संयोजक पूजा शाह, समाजसेवी टंकनाथ बराल, कृति परियार र रुकु परियार गरी नौ जना बसेका थिए। दोस्रो चरणमा संघर्ष समिति महिला परिचालक संयोजक समेत रहेकी विश्व हिन्दू महासंघ नगर महिला समिति अध्यक्ष पार्वती पौडेलको नेतृत्वमा दोस्रो चरणको रिलेअनसन दिउँसो २ देखि ८ बजेसम्म बसेको थियो। आठ जना अनसनकारी सम्मिलित उक्त टोलीमा आदर्श समाज दैनिकका व्यवस्थापक दुर्गादेवी बास्तोला, ब्राह्मण समाज नेपालका कोषाध्यक्ष पृथ्वी पौडेल, विश्व हिन्दू महासंघ कास्कीका उपाध्यक्ष तीर्थप्रसाद अधिकारी, विश्व हिन्दू महासंघ जिल्ला कोषाध्यक्ष सावित्रा घिमिरे, समाजसेवी मात्रिकाराज घिमिरे, क्षत्री समाज नेपालका वडा न. ७ का खिमबहादुर थापा र भवानी आमा समूहका सदस्य हरिकला कुँवर थिए। प्रत्येक ६ घण्टामा अनसन बस्नेहरु फेरिने छन्।

समाजसेवी एवं वरिष्ठ उद्योगपति सूर्यबहादुर केसीले अनसन बस्नेहरुलाई माला पहिऱ्याएर अनसन शुरुवात गरेका हुन्। उनले पृथ्वीनारायण शाह एकताको प्रतीक भएको उल्लेख गर्दै पृथ्वीचोकमा उनको शालिक निर्माण हुनुपर्ने माग गरे।

२०४१ सालमा आफू प्रधानपञ्च भएको स्मरण गर्दै केसीले जनताको भावनासँग खेल्न नहुने बताए। उनले जनताको भावनाविपरीत काम भयो र यसले आगोमा घीउ थप्यो भने महानगरका मेयरसमेत पदच्युत हुने दिन आउन सक्ने चेतावनी दिए।

संघर्ष समितिले राष्ट्र निर्माता तथा एकताका प्रतीक पृथ्वीनारायण शाहको अस्तित्व समाप्त गर्न खोजिएको भन्दै पृथ्वीचोकमै उनको शालिक स्थापना हुनुपर्ने माग गरेको छ। उक्त स्थानमा यसअघि नेपालका प्रथम शहीद लखन थापाको शालिक थियो। ट्राफिक व्यवस्थापन भन्दै महानगरको निर्देशनमा प्रहरीले आईल्याण्ड भत्काइएपछि शहीद थापाको शालिक समेत हटाइएकोमा पुन: मगर समुदायको दबाबमा उनको अर्धकदको शालिक स्थापना गरिएको छ। समितिले संघर्षका कार्यक्रमअन्तर्गत कात्तिक २ देखि १० सम्म प्रचारप्रसार, कात्तिक १० गते मोटरसाइकल ऱ्याली, कात्तिक ११ गते ऱ्याली र आमसभा गरिसकेको छ। उसले विभिन्न सरोकारवाला निकायमा मागबारे सम्बोधन गर्न ज्ञापनपत्र समेत बुझाइसकेको जनाएको छ। संघर्ष समितिमा विश्व हिन्दू महासंघ, ब्राह्मण समाज, क्षत्री समाज, रानाभाट समाज, नेपाल ठकुरी संगम परिवार, विश्वकर्मा समाज, ज्ञानेश्वरी माइ परिवार युवा समाज, जलारी समाज आवद्ध छन्।

## भलिबलमा रुद्र फर्निचर प्रथम

❑आदर्श समाज संवाददाता

लमजुङ, १५ कात्तिक। ठूला एकादशी अवसरमा भएको जिल्लास्तरीय ऐतिहासिक एकादशी मेला रनिङ शिल्ड भलिबल प्रतियोगिताको उपाधि वेशीशहरस्थित रुद्र फर्निचर टिमले जितेको छ ।

खुदीको हिमचुली आवासीय माविलाई २५- २२, १७-२५ र १८-२५ को सोझो सेटमा पराजित गर्दै उसले उपाधिसहित २० हजार रुपैयाँ पुरस्कार पायो । उपविजेता हिमचुलीले १० हजार पायो ।

२ दिनसम्म चलेको प्रतियोगितामा १२ टिमले भाग लिएका थिए । खेलको समापनमा पूर्व सांसद जमिन्द्रमान घले विजयीलाई पुरस्कार हस्तान्तरण गरे ।

## पेस्तोलसहित दुई पक्राउ

काठमाडौं, १५ कात्तिक।राजधानीको कमलादीमा गोली चलाउने समूहका दुई भारतीय नागरिक पेस्तोलसहित पक्राउ परेका छन्। प्रहरीका अनुसार एकथान पेस्तोल र ५१ थान गोलीसहित दुई जनालाई कमलादीबाट पक्राउ गरिएको हो । प्रारम्भिक अनुसन्धानबाट सामान्य झगडामा उनीहरुले तर्साउनका लागि गोली चलाएको तर कसैलाई गोली नहानेको महानगरीय प्रहरी परिसर काठमाडौंका प्रमुख रवीन्द्रकुमार धानुकले बताए। रासस

# तालिमका लागि सुविधा सम्पन्न संरचना

❑आदर्श समाज संवाददाता

पोखरा, १५ कात्तिक । पोखराको छोरेपाटनबाट केही टाढा, एकान्त र रमणीय स्थान । पुम्दीभुम्दी लुकुमस्वाँरास्थित भिरालो पाखा । सुविधासम्पन्न होटलकै झल्को दिने संरचना चिटिक्क पारिएको छ । केही दर्जन युवायुवती फुरुक्क थिए । आमन्त्रण गरिएका पाहुनालाई चिसो पेयपदार्थ दिएर गेटबाटै स्वागत गर्दै छन् । पाखोबारीमा खानका लागि व्यवस्था छ । उनीहरु कोही पेयपदार्थ हाल्दै थिए, कोही म:म, समोसादेखि विभिन्न थरीका मासु पोल्न ब्यस्त छन् ।

बुधबार अपरान्ह पोखरा २२ स्थित पुम्दीभुम्दी लुकुमस्वाँराको कच्ची सडकमाथि पाखोमा यस्तै चहलपहल देखियो । सुविधासम्पन्न रेष्टुरेन्टजस्तो यो संरचना व्यावसायिक रेष्टुरेन्ट भने होइन । होटल रेष्टुराँमा काम गर्ने जनशक्ति उत्पादनका लागि तालिम सञ्चालनार्थ यहाँ यस्तो संरचना बनेको हो । बुधबार अतिथिलाई स्वागतार्थ खाने परिकार सबै त्यहाँ तालिमरत प्रशिक्षार्थीहरुले नै बनाउँदै थिए ।

बालअधिकार क्षेत्रमा क्रियाशील संस्था राइट फर चिल्ड्रेनको यो भवन कठिन परिस्थितिमा रहेका युवाहरुलाई होटल तालिम कार्यक्रम सञ्चालनार्थ प्रयोग हुनेछ । अहिले यसको सबै व्यवस्थापन राइट फर चिल्ड्रेनको सहकार्यमा काठमाडौंस्थित ग्लोबल एकेडेमी अफ टुरिज्म एण्ड हस्पिटालिटी एजुकेशन (गेट) कलेजले लिएको छ । उसकै प्रशिक्षण र व्यवस्थापनमा अब होटलसम्बन्धी सम्पूर्ण कक्षा सञ्चालन हुनेछ । तर विपन्न विद्यार्थीलाई लक्षित गरी यहाँ यसरी तालिमस्थल बनेको हो । सात रोपनी जग्गामा दुई करोड लागतमा त्यहाँ भवन लगायतका संरचना ठडिएको छ । सम्पूर्ण लागतको जिम्मा ओएनजिडी फनेल नामक संस्थाले लिएको छ ।



राइट फर चिल्ड्रेनको होटल तालिम सञ्चालनार्थ निर्माण गरेको नयाँ भवनको समुद्घाटन कार्यक्रममा सहयोगी संघसंस्थाका प्रतिनिधि। तस्वीर : रञ्जन अधिकारी/आदर्श समाज

राइट फर चिल्ड्रेनका प्रमुख कार्यकारी अधिकृत अनिल पौडेलका अनुसार हाललाई ३५ जना विपन्न परिवारका विद्यार्थी अहिले तालिमरत छन् । केही समयमै पाँच जना थपिनेछन् । पोखरा लगायत स्याङ्जा काठमाडौंदेखिका विद्यार्थी त्यहाँ छन् । पारिवारिक पृष्ठभूमि निकै दयनीय रहेका, १८ वर्षदेखि २५ वर्ष उमेर समूहका, पढ्न नसकेका युवायुवतीले विपन्न सिफारिसपत्रका साथ सम्पर्क गर्नुपर्नेछ । जति पढेको भए पनि मान्य हुनेछ ।

होटल तथा हस्पिटालिटीअन्तर्गत कुक, वेटर लगायत सम्पूर्ण कोर्स हुन्छ । ३ महिनाको आधारभूत तालिमसँगै ६ महिना होटलमा नै लगेर प्रयोगात्मक तालिम हुनेछ । भविष्यमा साझेदार होटल मुभनपार्क होटल एण्ड रिसोर्टअन्तर्गत विभिन्न देशका होटलमा समेत काम गर्ने अवसर पाइनेछ । यो होटल गल्फ देशहरुमा फैलिएको निकै चर्चित होटल हो ।

राइट फर चिल्ड्रेन बाल शिक्षा, संरक्षण र जीविकोपार्जनमा समर्पित छ । बालमैत्री विद्यालय स्थापना, भूकम्प प्रभावित क्षेत्रमा विद्यालय निर्माणदेखि जीविकोपार्जनअन्तर्गत यस्ता कार्यक्रम सञ्चालन गर्दै आएको छ । गेट कलेजकी योजना निर्देशक मेघा श्रेष्ठ प्रधानले भविष्यमा रेष्टुराँ नै सञ्चालन गर्ने बताइन् ।

प्रशिक्षार्थीलाई व्यवहारिक सीपको लागि यो खाँचो हुने र पोखराबाट केही टाढा गाउँजस्तो लाग्ने रमणीय स्थानमा राम्रो तरिकाले रेष्टुराँ चल्नेमा आफू आशावादी रहेको उनले सुनाइन् । भवनको बुधबार एक समारोहबीच औपचारिक शुभारम्भ गरियो । कार्यक्रममा मुभनपिक होटल एण्ड रिसोर्टका अध्यक्ष तथा सिइओ जिन ग्याब्रेल पेरेस, राईट फर चिल्ड्रेनका डुगलस म्याग्लागन, ओएनजिडी फेनलका बोर्ड मेम्बर पल गेडिट्ज लगायतले बोलेका थिए ।

## रत्नज्योतिमा भलिबल प्रतियोगिता

पोखरा, १५ कात्तिक। रत्नज्योति माविमा सदनस्तरीय भलिबल तथा फोर-ए-साइड फुटबल प्रतियोगिता सम्पन्न भएको छ।

अतिरिक्त क्रियाकलाप प्रमुख विक्रम बरालद्वारा आयोजना गरिएको उक्त प्रतियोगिताको उद्घाटन विद्यालयका संस्थापक हेमन्त अधिकारीले गरेका थिए।

विद्यालयका शिक्षक विश्वास गुरुङद्वारा सञ्चालित उक्त प्रतियोगितामा सिनियरतर्फ भलिबल हरियो सदनका विदुर न्यौपाने, अनिल लम्साल, रोशन आलेमगर, अरुण गुरुङ, जोन सुनार, पृथ्वी गुरुङ प्रमुख हुन सफल भएका थिए भने पहेंलो सदनका सिमन छन्त्याल, नीरज गुरुङ, सुजन केसी, इश्वर आलेमगर, विकास गुरुङ, प्रवेश पौडेल, अभिषेक महत द्वितीय भए।

जुनियरतर्फको फोर-ए-साइड फुटबल प्रतियोगितामा नीलो सदनका खेलाडी प्रयास रानाभाट, अनिष बराम, नयन रानाभाट, समीर बस्नेत, स्वरुप तिवारी, आयुष सापकोटा र एमन गुरुङ प्रथम भए।

हरियो सदनका शैलेस नेपाली, राहुल सुनार, दावा लामा, मिजास देवकोटा, सन्देश तामाङ, शिशिर खनाल र रोहत श्रेष्ठ द्वितीय भए एजेन्सी

## एमाले कास्की-३ मा चुनाव प्रचार कमिटी

❑आदर्श समाज संवाददाता

पोखरा, १५ कात्तिक। नेकपा एमालेले कास्की क्षेत्र ३ मा चुनाव प्रचार प्रसार कमिटी गठन गरेको छ। केन्द्रीय समिति सदस्य सीता गिरी ओलीको संयोजकत्वमा चार हजार चार सय ४४ सदस्यीय चुनाव प्रचार प्रसार कमिटि गठन गरिएको हो।

एमाले निर्वाचन क्षेत्रीय समन्वय कमिटि क्षेत्र नं ३ को विस्तारित बैठकले चुनाव प्रचार प्रसार कमिटि गठन गरेको हो।

त्यस्तै, दामोदर बैरागीको संयोजकत्वमा तीन सय ३३ सदस्यीय चुनाव परिचालन कमिटि गठन गरिएको छ। दिलीपविक्रम शाहीको संयोजकत्वमा युवा तथा विद्यार्थी परिचालन कमिटि गठन गरिएको छ भने मित्रकुमारी गुरुङ सुवेदीको संयोजकत्वमा उत्पीडित समुदाय परिचालन उपसमिति गठन भएको छ।

क्षेत्र नं ३ को प्रदेश 'क' मा दीपक पौडेलको संयोजकत्वमा दुई हजार दुई सय २२ सदस्यीय चुनाव प्रचार प्रसार कमिटि, ३ कै प्रदेश 'ख' मा दामबहादुर बि.क.को संयोजकत्वमा दुई हजार दुई सय २२ सदस्यीय चुनाव प्रचार प्रसार कमिटि गठन गरिएको छ।

बैठकमा केन्द्रीय कमिटिका वैकल्पिक पोलिट्ब्यूरो सदस्य जगत विश्वकर्मा, प्रदेश नं ४ का सदस्य पुण्य पौडेल, दिलीपविक्रम शाही, सूर्यबहादुर खड्का 'बिखर्ची', केन्द्रीय अनुशासन आयोगका सदस्य मित्रकुमारी गुरुङ सुवेदी लगायत बोलेका थिए।

पार्टीका क्षेत्रीय संयोजक दामोदर बैरागीको अध्यक्षतामा बैठक बसेको हो।

## आफ्नै घर...

सूचनापछि वडा प्रहरी कार्यालय बगरले सो क्षेत्रमा निगरानी राखेको थियो। कात्तिक ८ गते दिउँसो ३ बजे दुई महिला र एक पुरुषलाई रंगेहात पक्राउ गऱ्यो। कामी र गुरुङ थरकी युवती र प्रकाश तेली शाह पक्राउ परे। एक पुरुष भागे। कोठाबाट प्रयोग भएको कण्डम सहित उनीहरुलाई जिल्ला प्रहरी कार्यालयको सिभिल सहितको टोलीले पक्रेर वडा कार्यालय बगर पुऱ्याइयो।

### कानुनी प्रावधान

पाँच जना पक्राउ परेपछि सार्वजनिक अपराध मुद्दा अघि बढ्यो। युवती आफै यौन व्यवसायमा संलग्न भएकाले यस प्रकृतिका घटनामा शरीर बन्धक, बलात्कार, वेश्यावृत्ति तथा मानव बेचविखन शीर्षक आकर्षित हुन्न। कसैले जाहेरी नगरेको अवस्थामा प्रहरीले सार्वजनिक अपराधअन्तर्गत मुद्दा अघि बढाउने गर्दछ। सार्वजनिक स्थानमा अश्लीलता प्रदर्शन गरी समाज हितविपरीत कार्य गरेको भनी सार्वजनिक मुद्दा अघि बढ्छ।

सार्वजनिक मुद्दा कसरी अघि बढ्छ त ? सरकारी वकिल गंगाप्रसाद पौडेल भन्छन्-'प्रहरीमा मुद्दा दर्ता हुन्छ। मान्छे पक्राउ परेको खण्डमा सिडिओ कार्यालयबाट म्याद थप हुन्छ। बयान हुन्छ। अनुसन्धान प्रक्रिया प्रहरीले सबै पूरा गर्छ। सबै अनुसन्धान पूरा गरी प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेश हुन्छ। अनुसन्धान बाँकी रहेको खण्डमा पुन: म्याद थप्दै प्रहरीले अनुसन्धान जारी राख्छ। सबै ठीक रहेको खण्डमा अभियोगपत्र तयार गर्छौं। अभियोगपत्र सिडिओ अफिसमा जान्छ। सिडिओबाट पटक पटक गरी २५ दिनसम्म म्याद थप्न सक्छ। यसबीचमा अभियोगपत्र तयार भईसक्नुपर्छ। प्रक्रिया यो हो। अन्य विषयमा अरु म बोल्न चाहन्नँ।'

यस सार्वजनिक अपराधअन्तर्गत बढीमा २५ हजारसम्म जरिवाना अथवा एक वर्ष कैद वा दुवै सजाय हुने व्यवस्था छ।

### सात दिनभन्दा म्याद थप्न मिल्दैन : सिडिओ

कास्कीका प्रमुख जिल्ला अधिकारी तारानाथ अधिकारीले यस प्रकृतिको घटनामा आफूले सात दिनभन्दा बढी म्याद थप्ने अधिकार नै नरहेको प्रतिक्रिया दिए। पहिलो पटक सम्पर्क गर्दा कानुनी प्रक्रियाबारे वकिललाई बुझ्न आग्रह गरेका अधिकारी फेरि आफै सम्पर्कमा आएका थिए। 'वेश्यावृत्तिलाई सार्वजनिक केस लगाउने गरिन्छ। सार्वजनिक ठाउँमा अश्लीलता फैलाएको भन्ने बुझिन्छ। यस केसमा सात दिनभन्दा बढी थुनामा राख्न पाइँदैन। उनीहरु आठ दिन थुनामा बसिसकेछन्'-उनले भने-'मदिरा खाएर हिँड्ने तर झगडा नगर्ने कसैलाई केही बिगार्दैन भने सात दिनभन्दा बढी थुनामा राख्न मिल्दैन। त्यसपछि धरौटी र तारेखमा रहन्छन्। प्रहरीले सय जना समात्यो भने २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष लान्छ। सबैलाई म्याद थप हुँदैन।'

'सात दिनभन्दा बढी थुनामा राख्न नपाउने हो भने किन २५ दिन ?' भन्ने प्रश्नमा उनले भने-'त्यसका लागि मैले नै जिल्ला अदालतबाट अनुमति लिनुपर्छ। कोही होहल्ला गरेको पुष्टि गर्न सात दिन लाग्छ ? कुटपिट, घाउ हो भने डाक्टरी रिपोर्ट आउन बढी दिन लाग्ला। हातहतियार हो भने चार पाँच महिना पनि लाग्ला। सार्वजनिक केस सात दिनसम्म अनुसन्धान टुंगिन्न त ? त्यत्रो समय लाग्छ ?'

'प्रहरीले सात दिनभित्र अनुसन्धान नगरेका कारण विषयको गाम्भीर्यता नबुझी छाडिदिनुभएको ?' भन्ने प्रश्नमा उनी झोक्किए-'यदि बढी राख्न परे जिल्ला अदालतमा सादग जाहेर गरी अनुमति लिनुपर्छ। हाजिर जमानीमा छाडेको हुँ।' सानो विषयमा म्याद थप गरिदिने सिडिओले छिमेकीलाई नै असर पर्ने गरी घरमै यौन व्यवसाय चलाएकालाई पक्राउ गर्दा किन छुटायो ? भन्नेमा सबै अचम्मित परेको श्रोतको भनाइ छ। अनुसन्धान प्रक्रियामै रहेको र कामी थरकी युवतीको मात्र वयान सकिएको थियो।

### बोल्न चाहँदैन प्रहरी

कास्की प्रहरी प्रमुख एसपी अशोक सिंह र वडा प्रहरी कार्यालय बगरका प्रमुख ईन्स्पेक्टर किशोर लम्साल भने यस विषयमा खुलेर बोलेनन्। एसपी सिंहले आफ्नो अधिकारको क्षेत्रमा मात्र आफूले काम गर्न सक्ने बताए। उनले भने-'मैले मेरो कार्यकालमा रहने योजना बुँदागत रुपमा नै सार्वजनिक गरिसकेको छु। योजना अनुसार प्राथमिकताका साथ वेश्यावृत्ति अन्त्य गर्न लागिपरेको छु। हामीले हाम्रो काम गरेका छौं। मातहतका प्रहरी अधिकारीलाई पनि सोही अनुसार अघि बढ्न भनेको छु। कानुन पालना गर्ने गराउने भएकाले आदेश पालना गर्नैपर्छ।' यसअघि, बगर प्रहरी प्रमुख लम्साललले कास्की प्रहरी प्रमुखसँग नै बुझ्न अनुरोध गरे।

केही वर्ष अघिसम्म पोखरा बागलुङ बसपार्क भन्नेबित्तिकै अघोषित 'रेडलाईट एरिया' का रुपमा चिनिन्थ्यो। पोखरा घुम्न आउने युवा आफ्ना पोखरेली साथीलाई 'बाग्लुङ बसपार्क कता हो ?' भनेर जिस्क्याउथेँ। तत्कालीन जिल्ला प्रहरी प्रमुख वसन्तकुमार लामाले कास्कीमा रहँदा यौन व्यवसाय गर्नेलाई तितरबितर पारे। तर अझै पनि लेकसाइडका होटलमा जोडीले केही घण्टा कोठा लिएर अथवा हाइप्रोफाईल यौन व्यवसायी र ग्राहकबीचको यौनक्रीडामा भने प्रहरी डिस्टर्व हुँदैन। पोखराका विभिन्न स्थानमा फरक शैलीमा यौनधन्दा सञ्चालन हुन्छन्। यसैको उदाहरण हो, नालाकोमुखमा खाजा पसल चलाएर घरलाई नै यौनक्रीडाको अखडा बनाएको यो घटना पनि। पेसेवर युवतीहरू पोखराका अन्य ठाउँमा गएर कारोबार गरिरहेका छन्। अहिले डेरा र फ्ल्याट लिएर यौन व्यवसाय चलिरहेको पाइन्छ। यसतर्फ पनि केन्द्रित रहेको कास्की प्रहरी बताउँछ।

## कास्कीमा...

### दुई मन्त्रीको घम्साघम्सी

कास्की क्षेत्र नम्बर १ जिल्लामै बढी चासोको क्षेत्र हो। यो क्षेत्रमा पूर्व मन्त्री र बहालवाला मन्त्री आमनेसामने हुँदैछन्। वाम गठबन्धनले पूर्व स्वास्थ्य मन्त्री खगराज अधिकारीलाई टिकट दिएको छ भने नेपाली काँग्रेसबाट वहालवाला कानुनमन्त्री यज्ञबहादुर थापा उनका प्रतिष्पर्धी हुन्। २०६४ को संविधानसभा चुनावमा उनीहरु दुबैजनालाई पराजित गरी तत्कालीन माओवादीका उम्मेदवार देवप्रसाद गुरुङ विजयी भएका थिए।

अधिकारी अघिल्लो संविधानसभा चुनावमा सोही क्षेत्रबाट पराजित भएका थिए भने दोश्रो चुनावमा उनी उम्मेदवार नै बनेनन्। समानुपातिक सांसद समेत नरहेका अधिकारी एमालेको कोटाबाट स्वास्थ्यमन्त्री बनेका थिए। थापा अघिल्लो चुनावमा हारे पनि दोश्रो चुनावमा एमालेका मानबहादुर जिसीलाई पराजित गरी सांसद बनेका ब्यक्ति हुन्। वर्तमान सरकारमा उनी कानुनमन्त्रीको भूमिकामा छन्। वाम गठबन्धन र नेपाली काँग्रेस दुवैका लागि यो क्षेत्र प्रतिष्ठाको क्षेत्र हो।

दुवैले आफ्नो पक्षमा नतिजा पार्न तारतम्य कसेका छन्। यो क्षेत्र काँग्रेसका लागि जिल्लाकै सबैभन्दा बढी सम्भावना भएको क्षेत्र हो।

यद्यपि एमाले उम्मेदवार समेत हेविवेटका भएकाले प्रतिष्पर्धा निकै रोचक हुने अनुमान लाउन सकिन्छ। वाम गठबन्धनको मुख्य घटक समेत रहेको एमालेलाई यसपाला माओवादीको भरपुर साथ पाउने आसमा छ।

उसैगरी माओवादी पनि एमालेको साथको विश्वासमा छ। काँग्रेस भने केही जिल्लामा साना दलहरुसँग तालमेल गरे पनि कास्कीमा हालसम्म कुनै पनि दलसँग सहकार्य नगर्ने देखिएको छ। यद्यपि यसको सम्भावना भने टरिसकेको छैन। दलहरु आन्तरिक छलफलमा ब्यस्त छन्।


## तु-आवश्यकता

यस अकला इन्टेरियर प्रा.लि.का लागि निम्न कर्मचारी आवश्यकता परेको हुँदा सूचना प्रकाशित भएको मितिले सात दिन भित्र इच्छुक व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ।

1. Civil Engineer/Overseer - 1
2. Architect Engineer/Overseer - 1
3. Supervisior - 2

☆ Minimum 2 years experience in related field
☆ Salary : Negotiable

सम्पर्क:
अकला इन्टेरियर प्रा.लि.
पोखरा लेखनाथ-८, न्यूरोड, लेखनाथमार्ग
फोन: ०६१-५३८२६३, ९८५६०४५६२३


## बाबा आनन्द सञ्चार पुरस्कार छनोट समिति

पोखरा, १५ कात्तिक। बाबा फाउण्डेशन नेपालद्वारा सञ्चालित बाबा आनन्द सञ्चार पुरस्कार-२०७४ प्रतिभा छनोट समिति गठन गरिएको छ। पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष नारायण कार्कीको संयोजकत्वमा पाँच सदस्य प्रतिभा छनोट समिति गठन गरिएको हो।

छनोट समिति सदस्यमा पत्रकार महासंघका केन्द्रिय सदस्य रामकृष्ण ज्ञवाली, महासंघ कास्कीका अध्यक्ष दीपेन्द्र श्रेष्ठ, पुरस्कार स्थापना गर्ने परिवारका सदस्य शर्मिला श्रेष्ठ र बाबा फाउण्डेशन नेपालका सचिव टंकराज अधिकारी छन्।

स्व. आनन्दराज श्रेष्ठको स्मृतिमा उनका परिवारजनबाट स्थापित पुरस्कारको राशी १५ हजार एक सय ११ रुपैयाँ छ भने पुरस्कार स्व. आनन्दराज श्रेष्ठको वार्षिक पुण्यतिथिमा वर्षेनी प्रदान गरिँदैआएको छ।

बालअधिकार संरक्षण र प्रवर्द्धन तथा वातावरण संरक्षणको विषयमा वर्षभरी उष्कृष्ट लेख तथा समाचार प्रकाशन एवं प्रशारण गर्ने सञ्चारमाध्यम वा सञ्चारकर्मीलाई सो पुरस्कार प्रदान गरिने पुरस्कारका संस्थापक बाबा फाउण्डेशन नेपालका अध्यक्ष दिलीपराज श्रेष्ठले बताए।

यसअघि उक्त पुरस्कारबाट सञ्चारमाध्यमबाट गण्डकी मिडिया हाउस, पत्रकार रविराज बसौला, लालप्रसाद शर्मा र कृष्णमणि बराल सम्मानित भैसकेका छन्।एजेन्सी


## १५ दिनमा भिषा ग्यारेण्टी

UAE को 5 Star Hotel मा खाना बस्नसहित रोजगारको सुवर्ण अवसर

L.T.No. 140477

| क्र. सं. | कामदारको पद | माग संख्या | मासिक तलब AED | मासिक तलब ने.रू. |
|---|---|---|---|---|
| 1. | HOUSE KEEPER (M/F) | 50 | 900 | 27000 |
| 2. | SERCO CLEANER (M/F) | 50 | 1100 | 33000 |
| 3. | GENERAL ASSITANT | 50 | 900 | 27000 |
| 4. | WAITER | 50 | 1000 | 30000 |
| 5. | KITCHEN STEWARDS | 50 | 1000 | 30000 |
| 6. | CLEANER | 50 | 900 | 27000 |

फाइनल अन्तर्वार्ता कार्तिक १९ गते मात्र पोखरामा

दि रिभर ओभरसिज प्रा.लि.
शाखा कार्यालय : पृथ्वीचोक, पोखरा
फोन: ०६१- ५२७७३२, ५२२७३०, ५२२७३१, ५२७७३३
Mobile: 9802827786, 9816647654, 9816600654


प्रकाशक : आदर्श समाज बहुमुखी प्रकाशन (प्रा.) लि., प्रधान सम्पादक : कृष्णप्रसाद बास्तोला, प्रबन्ध निर्देशक : अमृत बास्तोला, कार्यालय : आदर्शचोक, न्यूरोड, पोखरा
फोन : ०६१-५३१२००, ५२१४८४, फ्याक्स : ०६१-५२७८९७, E-mail : adrsamaj@gmail.com, web: www.eadarsha.com